जनहितमा जारी

नालामा फोहरवस्तु नफाली डस्टबिन वा तोकिएको ठाउँमा फोहर फालौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

prateekdaily.com

अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ माघ २२ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 February 04 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६०

## नारायणी अस्पतालको फार्मेसीमा अनियमितता

प्रस, वीरगंज, २१ माघ/

नारायणी अस्पतालको फार्मेसीमा लापरवाही भइरहेको गुनासो आएको छ।

अस्पतालको फार्मेसीबाट अहिले बिरामीहरूले सहजरूपमा औषधि पाउन सकेका छैनन्। अस्पतालका बिरामीहरूको सहजताको लागि फार्मेसी सञ्चालनमा आए पनि अहिले फार्मेसीमा अनियमितता बढेको जनगुनासाहरू आइरहेका छन्। फार्मेसीबाट बिरामीहरूलाई आवश्यक औषधिहरू नपाइरहेको अवस्था छ। चिकित्सकले लेखेका सबैखाले औषधिको व्यवस्थापन फार्मेसीमा हुनुपर्नेमा एकाध औषधि मात्र पाउने गरेको छ।

फार्मेसीमा औषधि अन्यत्रभन्दा निकै सस्तो हुँदा बाहिरका औषधिपसलहरूमा फार्मेसीका औषधिहरू बिक्री हुने गरेको गुनासो छ। महँगा औषधिहरू फार्मेसीबाट बाहिरका पसलहरूमा बिक्री हुने गरेको र कमिशन लिने गरेको गुनासो छ।



तस्वीर: प्रतीक

यसैगरी, स्वास्थ्य बीमा गरेका बिरामीहरूको नाममा फार्मेसीबाट अनियमितता भएको पाइएको छ। स्वास्थ्य बीमा गराएका बिरामीहरूलाई चिकित्सकले लेख्ने औषधि, तोकिएसरहको दिइँदैन र दिए अनुसारको बिल पनि उनीहरूलाई उपलब्ध गराइँदैन। अहिलेसम्म स्वास्थ्य बीमा गराएका कसैलाई पनि दिइएको औषधि अनुसारको बिल दिइएको छैन। चिकित्सकले लेख्ने औषधिहरूमध्ये एकाध औषधि दिने र स्वास्थ्य बीमा गरेकाहरूको ओपिडी पुर्जीको प्रतिलिपि राख्ने गरिएको छ। बिरामीलाई थोरै औषधि दिएर उनीहरूको पुर्जी अनुसार बिल बनाएर अनियमितता हुने गरेको अस्पताल स्रोतले जनाएको छ।

फार्मेसीको लागि फर्मासिस्टको व्यवस्था अहिलेसम्म अस्पतालले गर्न सकेको छैन। दरबन्दी अनुसार फर्मासिस्टको व्यवस्था नगरी करार कर्मचारीबाट फार्मेसी सञ्चालन गरिँदैछ। राजनीतिक दबाबका कारण फार्मेसीमा अनियमितता भएपनि करारका कर्मचारीको म्याद थपिँदै आएको छ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सञ्जय ठाकुरले फार्मेसीमा अनियमितता भइरहेको र त्यसलाई सुधार्नेतर्फ आफ्नो प्रयास भइरहेको बताए। उनले फार्मेसीमा भइरहेको अनियमितताबारे अहिलेसम्म कुनै बिरामीले उजूरी नगरेको बताए। बिरामीहरूलाई उपलब्ध औषधि अनुसारको बिल लिन र सो उपलब्ध नगराए आफूकहाँ उजूरी गर्न आग्रह गरे। उनले राजनीतिक दबाबमा करारका कर्मचारीको म्याद थप गर्न अस्पताल विकास समिति बाध्य भएको पनि बताए।

अस्पताल विकास समितिका अध्यक्ष पुरेन्द्रकिशोर लाभले फार्मेसीमा सुधारका प्रयास भइरहेको बताए। उनले फार्मेसीकै आम्दानीबाट त्यहाँ कार्यरत कर्मचारीले तलबभत्ता बुझ्नुपर्ने व्यवस्था भएपनि फार्मेसीले आशाप्रदरूपमा आम्दानी गर्न नसकेको बताए।

## पहिलो चरणको खोप ३८६४ जनालाई दिइयो

प्रस, वीरगंज, १८ माघ/

पहिलो चरणको खोप कार्यक्रम अन्तर्गत पर्सा जिल्लामा मङ्गलवारसम्म ३ हजार ८ सय ६४ जनालाई खोप लगाइसकिएको स्वास्थ्य कार्यालय पर्साका प्रमुख कामेश्वर चौरसियाले बताए।



नारायणी अस्पतालमा खोप लगाउँदै स्वास्थ्यकर्मीहरू। तस्वीर: फाइल

माघ १४ गतेदेखि नारायणी अस्पतालबाट शुरू भएको कोरोनाविरुद्धको पहिलो चरणको खोप अहिले पोखरिया जिल्ला अस्पताल र नेशनल मेडिकल कलेजबाट पनि दिइँदै छ।

पहिलो चरणमा चिकित्सक, स्वास्थ्यकर्मी, सरसफाइकर्मी, वारुणयन्त्र, एम्बुलेन्स चालकका साथै वीरगंज कारागारका १ हजार २ सय ५० जना कैदीबन्दीलाई पनि खोप लगाइएको छ। कारागारका सबै कैदीबन्दीलाई खोप लगाइसकिएको प्रमुख चौरसियाले बताए।

यसैगरी, वृद्धाश्रमका वृद्धवृद्धाहरूलाई पनि खोप दिने तयारी भइरहेको उनले जानकारी गराए। पहिलो चरणको खोप अभियान माघ २३ गते सम्पन्न हुँदैछ। पर्सा जिल्लामा ५ हजार खोपको मात्रा आएको र अहिलेसम्म ३ हजार ८ सय ६४ जनालाई खोपको पहिलो मात्रा दिइसकिएको प्रमुख चौरसियाले बताए। बुधवार करीब ५ सयजनालाई खोप दिइने उनले जानकारी गराए। अहिलेसम्म खोप लिएकाहरूको अवस्था सामान्य रहेको बताए। एकाधजनालाई शरीर दुख्ने, ज्वरो आउने समस्या देखिएको र दुई दिनपछि सामान्य भएको उनले बताए। यसअघि पनि अन्य खोप लिने क्रममा यस प्रकारका लक्षणहरू देखा पर्ने गरेको थियो। कोरोनाविरुद्धको खोप लिएकाहरूमा अहिलेसम्म कुनै पनि प्रकारको नकारात्मक असर नदेखिएको उनले प्रस्ट्याए। तोकिएको अवधिमा ५ हजार मानिसलाई पहिलो चरणको खोप दिने लक्ष्य पर्सा जिल्लामा पूरा हुने उनले बताए।

नारायणी अस्पतालबाट मात्रै खोप दिंदा सुस्त गति देखिएपछि तीन ठाउँबाट खोप दिन शुरू गरिएको हो।

## ठोरीमा कृषि सङ्कलन केन्द्र भवनको शिलान्यास

प्रस, ठोरी, २१ माघ/

कृषि उत्पादन बिक्री वितरण गर्नका लागि पर्साको ठोरी गापा–४, आठघरेमा कृषि सङ्कलन केन्द्रको भवन शिलान्यास गरिएको छ।

बुधवार भवनको शिलान्यास गर्दै गापा अध्यक्ष पद्मलाल श्रेष्ठले ग्रामीण क्षेत्रका कृषकलाई व्यावसायिक खेतीमा अग्रसर बनाउन कृषि सङ्कलन केन्द्रले महत्त्वपूर्ण भूमिका खेल्ने दाबी गरे। उनले बौद्ध धर्म संस्कृति अनुसार भवनको शिलान्यास गरेका थिए।

ठोरी क्षेत्रका किसानले गरेको कृषि उत्पादन बिक्री वितरण गर्न सहज हुने बताए।



कृषि सङ्कलन केन्द्रको भवन शिलान्याससँगै निर्माण कार्य शुरू। तस्वीर: प्रतीक

ठोरी गापालाई व्यावसायिक कृषिमा अगाडि बढाउन गापाले ल्याएका कार्यक्रमहरूको चर्चा गर्दै उनले कृषकको लागि पालिकाले सबैखाले सहयोग गर्ने आश्वासन दिए।

कार्यक्रममा वडाध्यक्ष बईबहादुर पाखिन, नेकपा नेता हरिबहादुर सुनार, युवा नेता निमा लामा, सागर लामा, तारा पाखिनलगायतको सहभागिता थियो।

यसै आवमा भवन निर्माण सम्पन्न गर्ने गरी उपभोक्ता समितिमार्फत रु ६५

(बाँकी अन्तिम पातामा)

## प्रदेशसभाको वार्षिकोत्सव कार्यक्रम ओली पक्षद्वारा बहिष्कार

प्रस, जनकपुरधाम, २१ माघ/

प्रदेश नं २ प्रदेशसभाको तेस्रो वार्षिकोत्सव नेकपाका ओली पक्षीय प्रदेशसभा सदस्यहरूले बहिष्कार गरेका छन्। प्रदेशसभा सचिवालयले प्रचण्ड–माधव समूहका नेतालाई प्रमुख प्रतिपक्षी दलको नेता मानेपछि नेकपा ओली पक्षले कार्यक्रम बहिष्कार गरेको हो।




पार्टीमा विवाद आउनुअघि संसदीय दलको नेतामा सत्यनारायण मण्डल रहे पनि विवाद शुरू भएपछि प्रदेशसभा सचिवालयले प्रचण्ड–माधव समूहले चयन गरेको संसदीय शत्रुधन महतोलाई दलको नेतामा मान्यता दिएको भन्दै ओली पक्षले बहिष्कार गरेको हो।

बुधवार आयोजित वार्षिकोत्सव कार्यक्रममा प्रदेशसभा सचिवालयले प्रमुख प्रतिपक्षी दलको नेताको हैसियतमा प्रचण्ड–माधव समूहका महतोलाई बोल्न दिएको थियो। उनलाई बोल्न दिएपछि ओली पक्षका सांसदहरूले कार्यक्रम बहिष्कार गरेका थिए। आठ महीनाअगाडि तत्कालीन समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकीकरण हुँदा दुवैका नेतालाई मान्यता दिएको तर अहिले आधिकारिकरूपमा दल विभाजन नै नभएको अवस्थामा प्रतिपक्षी दलको नयाँ नेता बनाएको भन्दै ओली पक्षले विरोध गरेको हो।

नेता सत्यनारायण मण्डलले सचिवालयले निन्दनीय काम गरेको भन्दै विरोध जनाए। तत्कालीन माओवादी केन्द्रबाट निर्वाचित भएका मण्डल पार्टीमा विवाद देखिंदा ओली समूहतिर छन्। नेता मण्डल निस्किएको केही बेरमा आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादव र सामाजिक विकासमन्त्री नवलकिशोर साह पनि मञ्च छोडेर बाहिर निस्किए। दुवैले अति आवश्यक काम भएको भन्दै मञ्च छोडेर बाहिरिएका हुन्। यी दुई मन्त्री बाहिरिंदा भौतिक पूर्वाधार विकासमन्त्री जीतेन्द्र सोनल मन्तव्य दिइरहेका थिए।

प्रदेश प्रमुख तिलक परियारको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा मुख्यमन्त्री लालबाबूराउत गद्दी पनि सहभागी थिए। कार्यक्रममा काङ्ग्रेस संसदीय दलका नेता

(बाँकी अन्तिम पातामा)


## भारतीय नाकामा पैदल आवागमन शुरू

प्रस, रौतहट, २१ माघ/



तस्वीर: प्रतीक





रौतहट जिल्लाको नेपाल–भारत सीमानाकाबाट बुधवारदेखि पैदल आवागमन शुरू भएको छ।

विगत १० महीनादेखि बन्द रहेको सो नाकाबाट आजदेखि आवागमन शुरू भएको हो। भारतबाट सवारीसाधन आउन दिए पनि नेपालबाट सवारीसाधन जान दिइएको छैन।

कात्तिक ६ गते भारतीय पक्षले सीमानाका खुला गरे पनि नेपाल सरकारले सीमानाका खुला नगर्दा आवागमन बन्द रहेको थियो। त्यस अवधिमा नेपाल र भारतबीचको सम्बन्ध प्रगाढ रहेको कारण सीमानाकाको मूल बाटोबाट आवागमन नभए पनि महादेवपट्टि, बन्जरहा, औरैया, ब्रह्मपुरीलगायतका नाकाबाट आवागमन भइरहेको थियो।

कोरोना भाइरसका कारण आठ महीनापछि मङ्सिर ११ गतेदेखि गौर–बैरगनिया नाका नेपाल सरकारले खुला गरेपछि भारतीय पक्षले त्यसपछि बन्द गरेको थियो। नागरिक समाज रौतहटको अगुवाइमा निरन्तर नेपाल–भारत नाका खुलाउन नाकामा धर्ना दिंदै आएको कारण मङ्सिर ११ गतेदेखि नेपाल–भारत नाका नेपालतर्फबाट खुला भएको थियो। नेपालतर्फबाट नाका खुला भएपनि भारतीय सुरक्षाकर्मीद्वारा रोक लगाइएको थियो। नेपालतर्फबाट नाका खुला भएपछि धर्नामा बसेकाहरूले खुशियाली मनाउँदै नारा जुलुस गरेका थिए।

**मानिस ठूलो बनोस् तर त्यसका अगाडि होइन, जसले उसलाई ठूलो बनायो ।**

**-विचारसार एवं सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# छात्रालाई साइकल वितरण

**छात्रालाई साइकल वितरण कार्यक्रम विगतमा विशेषगरी संसदीय कोषबाट हुन्थ्यो । अब आएर प्रदेश र स्थानीय सरकारले समेत लगानी गरिरहेका छन् । कतिपय स्थानमा त साइकल वितरण गर्न तीन तहका सरकार र तिनका प्रतिनिधिहरूबीच प्रतिस्पर्धा नै चल्ने गरेको छ । एउटै विद्यालयमा एकै छात्रालाई एउटै आर्थिक वर्षमा दुईपटक साइकल वितरण गर्न मिलेन, त्यसैले पनि वितरणका लागि प्रतिस्पर्धा चल्नु स्वाभाविक हो । तर दुई, तीन वर्षको फरकमा भने एकै स्थानमा साइकल वितरण कार्यक्रम दोहोरिएको पाइएको छ । दुई वर्षको अवधिमा साइकल थोत्रो भइसकेको हुन्छ भने ८ कक्षामा साइकल पाएकी छात्राले १० को परीक्षा दिइसकेकी हुनेछिन् । उही विद्यालयमा नयाँ विद्यार्थी हुर्कने हुँदा पुनः साइकल वितरण गरिनु जायज छ । जहाँ छोरीहरू विद्यालयबाट टाढा छन्, उनीहरूलाई विद्यालयसम्म ल्याउन सबै प्रयास गरिनुपर्छ । तर ती प्रयासहरू सदुपयोग भएको छ कि छैन निगरानी गर्ने जिम्मेवारी भने कसैले पनि लिएका छैनन् । साइकल पाएका छात्राहरू सबै नियमितरूपमा विद्यालय आइरहेका छन् त ? कसले हेर्ने । साइकल वितरणको दिन छोरी विद्यालयमा, त्यसपछि खुर्पी र डेली बोकेर खेतमा अनि बुबा चाहिं छोरीको साइकल लिएर भट्टीमा पुगेका खबरहरू पनि सार्वजनिक भए ।**

**साइकल वितरण गर्न सबैको चासो छ तर जसको लागि साइकल दिइएको हो, उसको अवस्था के छ ? घरपरिवार, अभिभावक तथा समाजले शैक्षिक वातावरण निर्माण गरिरहेका छन् कि छैनन्, त्यसतर्फ कसैले चासो देखाएका छैनन् । आर्थिक क्रियाकलाप नहुने कामहरूमा जाँगर चलाउने पक्षहरू प्रायः कमै पाइन्छन् । साइकल वितरण कार्य समाजलाई प्रभाव पार्न सक्नेमध्ये सबैभन्दा सहज र उपयुक्त कार्यक्रम हो । यो थोरै रकमको भएपनि सम्बन्धित छात्रामार्फत उनको घरपरिवारका सदस्यहरूसमेत प्रत्यक्षरूपमा जोडिन आउँछन् । साइकल खरीद गर्न, दाम काम मिलाउन र वितरण गर्न पनि अन्य काममा जस्तो प्राविधिक, प्रशासनिक तथा नागरिक स्तरको झन्झट छैन । बजेट सकाउनु छ, आर्थिक वर्ष बित्नै लागेको छ भने अरू योजनामा समय लागेर झन्झटिलो हुने हुँदा जतिसक्दो साइकल वितरणतर्फ रकमान्तर गर्ने प्रयास हुने गरेको पाइएको छ ।**

**प्रभावकारी र सजिलो कार्यक्रम हुँदाहुँदै पनि यसको सदुपयोगतर्फ अनुगमन कति पनि छैन भने अर्कोतर्फ यस कार्यक्रमका सञ्चालक र नीति निर्माताहरूले विचार नपुर्‍याउँदा छात्रा–छात्राबीचमा नै विभेदको बीजारोपण गरिँदै छ । सरकारी तथा सामुदायिक विद्यालयका छात्राहरूका लागि साइकल वितरण गरिन्छ । तर निजी विद्यालयका छात्राहरूलाई यो अवसर छैन । निजी विद्यालयमा अध्ययनरत छात्राहरू सबै सम्पन्न छन् र सामुदायिक विद्यालयका छात्राहरू सबै विपन्न हुन् भन्ने सोचाइ अज्ञानता हो । छोरी शिक्षाको लागि टेवा पुर्‍याउने हो भने छोरी–छोरीबीचमा नै विभेद किन ? सम्पन्न र विपन्नको मापदण्ड राखेको हो भने निजी विद्यालयमा बालबालिका अध्ययन गराउन बाध्य शहरिया गरीबहरूको समस्या नदेख्ने आँखा खराब हो । निजी विद्यालयतर्फ कार्यक्रम दिन नचाहेको हो भने राष्ट्रनिर्माणमा शैक्षिक जनशक्ति उत्पादनमा निजी विद्यालयको योगदान छैन वा यसले राजस्वमा पनि योगदान पुर्‍याएको छैन भनेर सम्बन्धित पक्षले स्पष्ट भन्न सक्नुपर्छ ।**

# क्यान्सरविरुद्ध सचेतना र वर्तमान यथार्थ

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**समाजका हरेक सदस्यलाई कुनै पनि माध्यमले हरेक दिन कम्तीमा एकपटक क्यान्सरबारे सुन्ने वा पढ्ने वा हेर्ने संयन्त्रको विकास हुनु आवश्यक छ । क्यान्सरविरुद्ध सचेतनाका लागि जागरण अभियान जति आवश्यक छ, त्यत्तिकै आवश्यक छ प्रत्येक व्यक्ति संवेदनशील हुनु ।**

अहिले पनि क्यान्सरलाई निकै खतरनाक रोग मानिन्छ । क्यान्सरको उपचार नै नहुने होइन, ठीक समयमा सही उपचार सम्भव भएपछि क्यान्सर रोगबाट पनि मानिस निको भएका छन्, सामान्य जीवन बिताइरहेका छन् । तर क्यान्सर निको हुनको लागि क्यान्सर लागेको ठाउँ वा शरीरको अङ्ग तथा अवस्था भने महत्त्वपूर्ण कुरा हुन्छ । सामान्य भाषामा के भनिन्छ भने जसको क्यान्सर तेस्रो स्टेजमा पुगिसकेको छ, उसलाई निको हुन निकै मुश्किल हुन्छ अर्थात् निको नहुने सम्भावना बढी हुन्छ । क्यान्सरले गर्दा कतिपय मानिस अङ्गभङ्ग भएर जीवन बाँचिरहेका छन् भने कतिपयले जीवन नै गुमाउनुपरेको हुन्छ । क्यान्सर सरुवा रोग नभए पनि यो खतरनाक रोग भने अवश्य हो ।

स्थायी उपचार पत्ता लागि नसकेको प्राणघातक क्यान्सर किन लाग्दछ वा कसरी लाग्दछ भन्ने विषयमा जनचेतनाको व्यापक कमी रहेको छ । जनचेतना कमी हुनुका साथै लापरवाही पनि एउटा प्रमुख कारण रहेको विज्ञहरू बताउँछन् । सामान्यतया अधिकांश विज्ञहरू कुन कुरामा सहमत छन् भने क्यान्सरको प्रमुख कारण मानिसको जीवनशैली हो । मादक पदार्थको सेवन जस्तै खैनी, सुर्ती, पान, मसाला, बिंडी, चुरोट, मदिरा इत्यादिले क्यान्सर रोग लाग्दछ । यसैगरी चिल्लो तथा बोसोयुक्त खाने कुराको सेवन, अत्यधिक मात्रामा नुनको सेवन, पचाउन समय लाग्ने खानेकुरा, ज्यादा समय एकै ठाउँमा बस्नु पनि क्यान्सरको कारक हुन सक्छ । मोटोपना, हेपाटाइटिस बी तथा एचआइभी भाइरसका कारण पनि क्यान्सर हुने गरेको विज्ञहरू बताउँछन् । महिलाहरूले नवजात शिशुलाई आमाको दूध नख्वाए तथा गर्भनिरोधक चक्कीको अत्यधिक प्रयोग गरेमा, महीनावारीपश्चात् काखी वा स्तनमा गाँठो देखिएमा क्यान्सरतर्फ बढेको बुझ्नुपर्दछ भनिन्छ ।

क्यान्सर लाग्नु अघि थाहा हुँदैन । सचेतना नै यसको रोकथामको उपाय हो । कतिपय मानिसलाई क्यान्सर लागिसकेको धेरै समयपछि मात्र थाहा हुन्छ । यद्यपि क्यान्सरका केही लक्षण हुन्छ भन्ने चिकित्सकहरूको भनाइ छ । मुखभित्र छाला पर्नु, मुख सोरिनु तथा पूरा नखुल्नु, खाना खान, चपाउन तथा निल्न समस्या हुनु, कम्मरमा सदैव पीडा महसूस हुनु, पिसाबमा रगत आउनु, पिसाबको समय बदलिनु, लगातार खोकी लाग्नु, आवाज सुक्नु तथा खकारमा रगत देखिनु, स्तन तथा शरीरको कुनै अङ्गमा गाँठागुठी देखिनु, शरीरमा रगतको कमी हुनु, एनिमियाको समस्या हुनु, प्रोस्टेट परीक्षणमा असामान्य नतीजा आउनु, रजोनिवृत्तिमा रगत आउनु आदिलाई क्यान्सरको लक्षण मानिन्छ ।

चिकित्सकहरूले क्यान्सरबाट बच्नको लागि केही उपाय पनि बताएका छन् । पान, सुपारी, चुरोट, बिंडीलगायत कुनै पनि सुर्तीजन्य पदार्थको सेवन नगर्ने, प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जी सेवन गर्ने, कागती, सुन्तला तथा मौसमीको जुस पिउने, गाईको मूत्र, गहुँको जमरालाई क्यान्सर रोगको उपचारमा रामवाण मानिएको बताइन्छ । कुनै पनि रोगमा आवश्यकता अनुसार औषधिको सेवन गर्ने तथा अनावश्यक औषधि सेवन नगर्ने । बदाम तथा किसमिसलगायत ड्राइ फ्रुट्सको सेवनले क्यान्सर रोग फैलिनबाट जोगाउँछ भनिन्छ । चिल्लो खानेकुराबाट सकेसम्म जोगिने तथा नुनको प्रयोग कम गर्ने र नियमित व्यायामलाई दैनिकीमा सामेल गर्नु लाभदायक मानिन्छ । यसै गरी चिया पिउने बानी परिसकेकाले नियमित ग्रीन टी सेवन गर्ने, जसले क्यान्सर रोगको उपचारमा सहयोग पुर्‍याउने विश्वास गरिएको पाइन्छ । आलु तथा भन्टालगायत परहेज गर्ने र क्यान्सर भएमा दूध, दहीलगायत डेरी प्रोडक्ट प्रयोग नगर्ने भनिन्छ । यसैगरी बेसारको प्रयोग लाभदायक मानिन्छ भने गहुँलगायत मिश्रित आँटाको प्रयोग फाइदाजनक मानिन्छ । लसुनलाई पनि फाइदाजनक मानिएको छ भने सकेसम्म अर्गानिक तथा प्राकृतिक वस्तुको प्रयोग राम्रो मानिएको छ । यसैगरी रातो, नीलो, पहेंलो तथा प्याजी रङ्गको फलफूल तथा सागसब्जी, जस्तै जामुन, टमाटर, मेवा, कालो अंगुर, अम्बा, खरबुजा खानाले क्यान्सरको जोखिम कम हुन्छ ।

आजका युवाहरूमा फेसनको रूपमा साना पकेटमा बन्द खाद्य पदार्थ तथा अखाद्य पदार्थसमेत खाने चलनको विकास भएको छ । बजारमा पाइने विभिन्न किसिमका साना पाकेटमाथि नै ठूलो अक्षरमा क्यान्सरको खतरा छ भनेर लेखिएको हुन्छ र क्यान्सर भएको फोटो पनि पाकेटमाथि छापिएको हुन्छ । यस्ता अखाद्य खानेकुराहरू केही समयको रमाइलोको लागि भनेर मुखमा हाल्ने तथा चपाएर खाने प्रचलन नवयुवाहरूमा निकै बढेको छ । के खाने र किन खाने भन्ने कुनै ज्ञान नहुँदै आफूभन्दा ठूलाको देखासिकी आजका युवाहरूमा सानो प्याकेट च्यात्दै सडकमा टाउको उठाएर मुख आकाशतिर पार्दै त्यसभित्रको सामग्री मुखमा हाल्दा गर्व हुने अवस्था सिर्जना भइसकेको छ । कलिलो उमेरमैं यस्ता हानिकारक कुराको बानी परेपछि पछिसम्म छुटाउन निकै मुश्किल हुन्छ । युवाहरूको यस्तो बानीमाथि अभिभावक तथा समाजका सदस्यहरूले बेलैमा ध्यान दिनुपर्छ । सचेत हुनु ठूलो कुरो हो । यद्यपि मानिस जानेर र जानेसम्मको सचेतता पालन गर्दागर्दै पनि क्यान्सर हुन सक्छ भनिन्छ । यसको अर्थ यो होइन कि मानिस सचेतनाबाट विमुख होओस् । क्यान्सर लाग्ने सबै कारण अहिलेसम्म पत्ता नलागेको पनि भनिएकोले सकेसम्म सचेतना आवश्यक हुन्छ नै ।

वास्तवमा क्यान्सरविरुद्ध सामाजिक सचेतना पर्याप्त हुन सकेको छैन । अहिले पनि के देखिन्छ भने राज्यले विद्यालय र आसपासमा सुर्तीजन्य पदार्थको बिक्रीमाथि रोक लगाइसकेको छ तर कानूनमा व्यवस्था भएर मात्र पुग्दैन । यसभित्रको अर्को एउटा यथार्थ के पनि हो भने अझै पनि कतिपय शिक्षक नै स्वयं विद्यालयमैं खैनी खान्छन् । अझ विद्यार्थीलाई देखाएर वा देख्नेगरी खैनी खाने तथा जथाभावी थुक्ने गर्दछन् । विद्यालय व्यवस्थापनमा संलग्न, समाजसेवामा लागेका भन्ने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरूसमेत विद्यालयमैं वा बैठकमैं तथा कार्यालयमैं खैनी खाएर अरूलाई देखाउँछन् । शिक्षक तथा विद्यार्थीका अगाडि खैनी खाने र चुरोट तथा बिंडी पिउँदै धूवाँ आकाशतिर फाल्नेहरू अझै पनि भेटिन्छन् । समाजले राम्रो सम्मान दिएको तथा विद्यार्थी र शिक्षकले पनि उच्च सम्मान गर्ने व्यक्तित्वबाट नै विद्यालयमा खैनी–चुरोट सेवन गरेको दृश्य देख्न पाइन्छ । अझै पनि सडक तथा सार्वजनिक स्थान र सार्वजनिक यातायातका साधनमा चुरोटको सेवन र खैनीको सेवन गर्नेलाई रोक्न सकिएको छैन । कतिपय अवस्थामा कार्यालय प्रमुख वा उच्चपदस्थ व्यक्तिहरू नै अरूले देख्नेगरी चुरोट र खैनी खाइरहेका हुन्छन् । यस अवस्थामा सचेतनाको कमी भएको होइन कि सचेत हुन नसकेको हो भन्ने बुझिन्छ वा लापरवाहीको अवस्था देखिन्छ । सचेत त उसलाई गराउनुपर्छ जसलाई कुनै जानकारी छैन, तर जानकारलाई जानकारी गराउनु आवश्यक हुँदैन । लापरवाहीले गर्दा अरूलाई पनि प्रोत्साहन मिलिरहेको हुन्छ भन्ने कुरो नबुझेको मात्र हो ।

वास्तवमा क्यान्सरविरुद्ध सचेतना पर्याप्त हुन सकेको छैन । सामाजिक सङ्घ संस्थाहरूले पनि यसलाई आफ्नो दायित्व हो भन्ने कुरा बुझेर प्रचारप्रसार गर्नु आवश्यक छ । समाजका हरेक सदस्यलाई कुनै पनि माध्यमले हरेक दिन कम्तीमा एकपटक क्यान्सरबारे सुन्ने वा पढ्ने वा हेर्ने संयन्त्रको विकास हुनु आवश्यक छ । क्यान्सरविरुद्ध सचेतनाका लागि जागरण अभियान जति आवश्यक छ, त्यत्तिकै आवश्यक छ प्रत्येक व्यक्ति संवेदनशील हुनु । सामाजिक सञ्जाल, पत्रपत्रिकाले पनि समाजलाई संवेदनशील, चिन्तनशील तथा जागरुक बनाउन भूमिका खेल्न सक्छन् । सबैभन्दा ठूलो भूमिका बुद्धिजीवीहरूको हुन सक्छ । तर इमानदार त व्यक्ति नै हुनुपर्ने हो । जतिसुकै राम्रो कुराको प्रचार किन नहोस्, कसैको आनीबानी परिवर्तन गर्न अरूले बल गर्नु आजको समयमा कति जायज होला ? अरूको जीवनमा हस्तक्षेप गर्नु आजको समयमा उचित पनि हुन्छ कि हुन्न !

# हत्या अभियोगमा फरार अभियुक्त पक्राउ

प्रस, महोत्तरी, २१ माघ/

छिमेकी महिलाको हत्या गरी १४ वर्षदेखि फरार अभियुक्तलाई जिल्ला प्रहरी कार्यालय महोत्तरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरीको साबिक महदैया तपनपुर गाविस–५ घर भई हाल धनुषाको जनकपुरधाम उपमहानरपालिका–२१ बस्ने शङ्कर साह हुन् ।

साहलाई हत्या अभियोगमा अदालतबाट २० वर्ष कैद सजाय सुनाइएपछि फरार भएका थिए । अभियुक्त साहलाई जिल्ला प्रहरी कार्यालय, महोत्तरीबाट खटिएको टोलीले विशेष सूचनाको आधारमा महोत्तरी र धनुषा जिल्लाको सीमा क्षेत्रमा पर्ने सडकबाट पक्राउ गरिएको हो । उनलाई महोत्तरी जिल्ला अदालतमा पेश गरिएकोमा कोरोना भाइरस परीक्षणपश्चात् पुनः पेश गर्ने गरी अहिले कार्यालयको हिरासतमा राखिएको प्रहरीले जनाएको छ ।

साहसहित उनका पक्षधरहरूले साबिक महदैया तपनपुर गाविस वडा नं ५ का राजु सहनीकी पत्नी बिनादेवी सहनीलाई घरायसी विवादमा घाँटी थिचेर विष खुवाइ हत्या गरेको अदालतले ठहर गर्दै कैद र जरिवाना तोकेको थियो । २०६४ भदौ १३ गते साहसहित बिनाका ससुरा शङ्कर सहनी, सासू चन्दर देवी, देवर राजकुमार सहनी, छिमेकी बली साह मिलेर हत्या गरेका थिए । सोमध्ये ससुरा शङ्कर, सासू चन्दर देवीलाई २० वर्ष कैद र देवरलाई १५ वर्ष कैद तथा ३० रुपियाँ जरिवाना तोकिएको छ ।

अभियुक्तमध्ये छिमेकी बलीको मृत्यु भइसकेको प्रहरीले जनाएको छ । हत्यामा संलग्न साह पक्राउ परे पनि अन्य व्यक्तिहरू फरारै रहेका प्रहरीले जनाएको छ ।

# सडक दुर्घटनामा एकजनाको मृत्यु

प्रस, सप्तरी, २१ माघ/

सप्तरीमा मोटरसाइकल र बोलेरो एकापसमा ठोकिंदा एकजनाको घटनास्थलमैं मृत्यु भएको छ ।

पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका–१ भारदहमा दुर्घटना भएको हो ।

पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको लु.२५प ५७१२ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट जाँदै गरेको को.१ज ३१९९ नम्बरको बोलेरो गाडी एकापसमा ठोकिंदा मोटरसाइकल चालक मोरङको रङ्गेली नगरपालिका–८ का ३७ वर्षीय भीमराज राजवंशीको घटनास्थलमैं मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक भुवनेश्वरप्रसाद

(बाँकी पाँचौं पातामा)

# दलहरू मानून्–नमानून्, नागरिक मान्न बाध्य छैन

पाठक प्रतिक्रिया

२० गते प्रतीकको सम्पादकीय र वीरेन्द्रप्रसाद यादवको लेख अदालतको निर्णय छिटो होस् भन्ने विषयमा टुङ्गिएको छ । कारण यो छ कि प्रधानमन्त्रीले संसद् विघटन गरेर वैशाखमा चुनावको मिति तोकेका छन् । प्रायः संसद् विघटन गर्दा चुनावको मिति पनि तोक्ने गरिन्छ । प्रधानमन्त्रीले संसद् विघटन गरे, विपक्षी अदालत गयो । एकातिर अदालत जाने र अर्कोतिर सडक तताउने कामलाई लेखकले रुचाएका छैनन् । तर अर्कोतिर नागरिक समाज पनि छ । नागरिक समाजले अदालत खोजेको छैन । राजनीतिक अनर्थविरुद्ध सडकमा आएको छ । नागरिकले चाहेको कुरा अदालतले नगर्न पनि सक्छ । त्यो अदालतको कुरा हो । नागरिक समाजले त्यसलाई मान्न पनि सक्छ र नमान्न पनि सक्छ । मान्यो भने सडक बन्द हुन्छ । मानेन भने सडक तताइरहने उसको अधिकार हो । यो नागरिकको नैसर्गिक अधिकार हो । नागरिक सङ्घर्षलाई संविधानले मान्दैन भने पनि नागरिक चुप बस्छ भन्ने छैन । म्यान्मामा अहिले सैनिक कु भएको छ । त्यहाँको अदालतले त्यसलाई वैध करार दियो भने के नागरिक चुप रहला ? कदापि रहन सक्दैन ।

यहाँ पनि संविधानको कु भएको छ । यहाँ पनि नागरिक समाज अदालतको फैसला मान्न बाध्य हुनेछैन । रह्यो कुरा छिटो फैसलाको, भनिन्छ 'डिलेड जस्टिस इज नो जस्टिस ।' त्यस्तो जस्टिस नमान्न नागरिक स्वतन्त्र छ ।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# राज्यमन्त्री रामवीर मानन्धरलाई विश्व कीर्तिमानीको प्रमाणपत्र



काठमाडौं, २१ माघ/रासस

लगातार चार घण्टा पाँच मिनेट २० सेकेन्डसम्म गीत गाएर गिनिस वर्ल्ड रेकर्डस् कायम गरेका शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरलाई उक्त कीर्तिमानीको प्रमाणपत्र हस्तान्तरण गरिएको छ। भारतको नयाँ दिल्लीमा आयोजित कार्यक्रममा राज्यमन्त्री मानन्धरलाई भारतका सामाजिक न्याय तथा अधिकारिकता राज्यमन्त्री रामदास आठवलेले उक्त प्रमाणपत्र हस्तान्तरण गरे।

राज्यमन्त्री मानन्धरले गत पुस १० गते सो अवधिमा गीत प्रस्तुत गरेका थिए। कार्यक्रममा राज्यमन्त्री मानन्धरले नेपाल–भारतबीच पौराणिककालदेखि सम्बन्ध रहेको बताउँदै दुई देशबीचको सम्बन्ध थप सुमधुर बनाउन सबै पक्षले भूमिका खेल्नुपर्नेमा जोड दिए। मन्त्री मानन्धरसँग आज दिल्ली अध्ययन केन्द्रले अन्तर्क्रिया आयोजना गरेको छ। भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय जोलीले कार्यक्रमको संयोजन गरेका थिए।

# पतिद्वारा पत्नीको हत्या

राधेश्याम पटेल, वीरगंज, २१ माघ/

वीरगंजमा पतिले पत्नीको हत्या गरेको घटना सार्वजनिक भएको छ।



घटनास्थलमा प्रहरीलगायत। तस्वीरः प्रतीक

भारतीय नागरिक ३५ वर्षीय असरफ अन्सारीले वीरगंज बसपार्क घर भई वीरगंज–११ श्रीपुरमा बहाल लिएर राखेको पत्नी २२ वर्षीया मनु थापाको घाँटी थिचेर हत्या गरेका छन्। मङ्गलवार साँझ ६ बजे डेरामा दुवैबीच मनमुटाव

(बाँकी पाँचौं पातामा)

# उपभोक्ता मञ्चको प्रशिक्षण कार्यक्रम

प्रस, वीरगंज, २१ माघ/

राष्ट्रिय उपभोक्ता मञ्च प्रदेश २ को आयोजनामा बुधवार वीरगंजमा परिचयात्मक तथा प्रशिक्षण कार्यक्रम भएको छ।




तस्वीरः प्रतीक

कार्यक्रममा आज रामदेवलाल दासको अध्यक्षतामा ९ सदस्यीय प्रदेश कमिटी गठन गरिएको छ। उपाध्यक्ष दुर्गा नकर्मी, महासचिव विनोदकुमार दास, कोषाध्यक्ष महेशकुमार दासलगायत सदस्यहरू रहेका छन्।

कार्यक्रममा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी आसमान तामाङ, केन्द्रीय अध्यक्ष प्रेमलाल महर्जन, गुणस्तरका शशिभूषण यादव, वाणिज्य कार्यालयका जीतबहादुर भण्डारी, उद्योगी मनोज दास, घरेलु तथा साना उद्योगका प्रमुख रीमा साह, विकाश कटुवाल, गोरख केसी, आमोद लामिछानेलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# पोषिलो पीठो वितरण

प्रस, रौतहट २१ माघ/




तस्वीरः प्रतीक

गौर नगरपालिकाका–२ महादेवपट्टिमा सुत्केरी महिला तथा बालबालिकालाई पोषिलो पीठो वितरण गरिएको छ।

गौर नगरपालिका–२ का अध्यक्ष राकेश झाको अगुवाइमा पोषिलो पीठो वितरण भएको हो। ६ महीनादेखि २ वर्षसम्मका बालबालिकाहरूको आमा, स्याहारकर्ता तथा परिवारका लागि मुख्य सन्देशहरूसहित वडाध्यक्ष झाले पीठो वितरण गरेका थिए। लाइफ नेपाल संस्थाको आयोजनामा सो पीठो वडाका सम्पूर्ण बालबालिका तथा सुत्केरी महिलालाई वितरण गरिएको वडा कार्यालयले जनाएको छ। प्रतिबालबालिका ६ किलोको दरले पीठो वितरण भएको थियो।

# म्यानमाको सैनिक 'कु', विगत र भविष्य

अन्तर्राष्ट्रिय आलेख सेवा
-दिलीप शर्मा

काठमाडौं, २१ माघ/रासस

म्यान्माको सेनाले निर्वाचित सरकारलाई सत्ताको बागडोर सम्हाल्न नदिई सोमवार एक वर्षको सङ्कटकाल घोषणा गरेको छ। यहाँका निर्वाचित नेताहरू आङ सान सुकी, राष्ट्रपतिलगायत दर्जनौं वरिष्ठ राजनीतिज्ञहरूलाई सुरक्षा नियन्त्रणमा लिइएको छ। सेनाको यो कदम केका लागि ? के निर्वाचित सरकारको सत्तामा नागरिक सन्तुष्ट थिएनन् कि यो सैनिक शासकहरूको महत्त्वाकाङ्क्षाका कारण निम्तिएको परिणाम हो ? विश्व समुदायले यसलाई गम्भीरताका साथ अध्ययन गरिरहेको छ।

पूर्व कार्यक्रम अनुसार नवनिर्वाचित संसद्को नयाँ अधिवेशन फेब्रुअरी १ देखि सञ्चालनमा आउनुपर्ने थियो। नोभेम्बरमा सम्पन्न संसदीय निर्वाचनमा सुकीको पार्टीले दुईतिहाई सीटमा विजय हाासिल गरेको भए पनि सेनाको दबदबा रहेको म्यान्मामा सेनाको समर्थन रहेका पार्टीको खराब नतीजा आएपछि निर्वाचनमा व्यापक धाँधली भएको प्रचार गरिएको छ।

सेनाको समर्थन रहेका दलहरूले मतदाता नामावलीमा व्यापक अनियमितता भएको दाबी गरेका छन्। यद्यपि निर्वाचन आयोगले ती दाबीलाई समर्थन गर्ने कुनै प्रमाण नभएको भन्दै निर्वाचन परिणामलाई सदर गरिसकेको छ। आयोगको यो निर्णयप्रति पनि सैनिक नेतृत्व खुशी थिएन। सेना निकट रहेको म्यावाडी टेलिभिजनले सेनाको पछिल्लो कदम, सरकारले नागरिकको विश्वास जित्नुको सट्टा निर्वाचनमा अनियमिततालाई प्रोत्साहन दिएको कारण, चालिएको बताएको छ।

घोषणा संवैधानिक अधिकारको प्रयोग गरी भएकोले सेनाले लिएको कदम कानूनी रूपमा सही रहेको प्रचार उक्त टेलिभिजनले गरेको छ। यद्यपि सूकीको पार्टीका प्रवक्ता र अन्य धेरैले भने यसलाई सेनाले गरेको सफल कु नै बताएका छन्।

म्यान्माका कतिपय राजनीतिक विशेषज्ञहरूले सेनाको यो कदम यथास्थिति खलबल्याउने उद्देश्यबाट प्रेरित भएको बताएका छन्। उनीहरूले सेनाको पछिल्लो घोषणाले केही समयदेखि म्यान्मामा प्रजातन्त्रिक व्यवस्थामा मिलेको सफलतालाई बहालवाला तथा अवकाशप्राप्त उच्चपदस्थ सैनिक अधिकारीले प्रजातन्त्रलाई हृदयङ्गम नगरेको तीतो यथार्थका रूपमा व्याख्या गरेका छन्।

कतिपयले यस निर्णयलाई सन् २०११ देखि सशस्त्र बलका कमान्डर रहेका र सोमवार सैनिक सरकारको नेतृत्व सम्हालेका वरिष्ठ जनरल मीन आङ ह्लेइङको अवकाशपछि पनि सक्रिय रहने महत्त्वाकाङ्क्षाका कारण आएको कदम बताएका छन्।

"म्यान्मा वरिपरि आन्तरिक सैन्य राजनीति छ, जुन धेरै अपारदर्शी छ र म्यान्माको सेना यसलाई कायम गर्न चाहन्छ" –म्यान्माको नागरिक र सैनिक सम्बन्धका एक अनुसन्धानकर्ता किम




म्यानमामा आङ सान सुकीको समर्थनमा निकालिएको जुलुस। तस्वीरः सिन्हवा

जोलिफले भने– "यसले ती गतिशीलता प्रतिविम्बित गरिरहेको हुन सक्छ र यो आन्तरिक 'कु' हो, जसले ह्लेइङको अवकाशपछि पनि सेनामा शक्ति कायम गरिराख्न बल दिनेछ।"

### "कु" पछिको म्यान्मा

पछिल्लो सैनिक घोषणासँगै म्यान्माका टेलिभिजन सङ्केतहरू मुलुकभर काटिएका छन्। राजधानी न्यापितमा फोन र इन्टरनेटको पहुँच अवरुद्ध बनेको छ भने उडानहरू अवरुद्ध छन्। देशका अन्य भागमा फोन सेवा अवरुद्ध भएका टिप्पणी अन्तर्राष्ट्रिय कतिपय सञ्चारमाध्यमले गरेको भएपनि राजधानीबाहिरका अझै धेरै क्षेत्रमा नागरिकहरूले इन्टरनेट र फोन प्रयोग गर्न सकेका स्थानीयहरूले सामाजिक सञ्जालमार्फत जानकारी गराएका छन्। म्यान्माको राजधानी रहेको सबैभन्दा ठूलो शहर याङ्गुनका सडकखण्डहरूमा काँडेतार लगाई सैनिक जाँच कडा पारिएको छ। सैन्य एकाइलाई सिटी भवनजस्ता सरकारी भवनहरूमा तैनाद गरिएको छ।

त्यहाँका बासिन्दाले थप राजनीतिक सङ्कट आएर बैंकिङ कारोबार गर्न नपाउने भयका कारण खाद्यान्न तथा एटिएम पसलहरूमा भीड देखिन थालेको छ। केही पसल र घरहरूमा निर्वाचनका समय टाँसिएका सू कीको पार्टी 'नेशनल लिग फर डेमोक्रेसी'को झन्डा, चुनाव चिह्नलगायत सङ्केत हटाएका छन्। मुर्दा शान्ति कायम रहेको शहरका टोल र शहरका मानिस अत्यावश्यकबाहेक ओहोरदोहोर गर्न डराएका छन्, यद्यपि सामान्यतया शहरको सडक र पर्खालहरूमा निर्वाचनका समय पोतिएका भित्ता सफा गरेपछि र मानिसहरूको कम आवागमनले शहर सफा र स्वच्छ देखिएको छ। नब्बेको दशकतिर वर्षौं नजरबन्दमा दिन बिताएकी नेत्री सूकीलाई म्यान्मामा प्रजातन्त्र ल्याउने प्रयासका लागि नोबेल शान्ति पुरस्कार दिइएको थियो तर उनले रोहिंग्या मुसलमानविरुद्ध सैनिक कारबाहीमा देखाएको अनभिज्ञताले अन्तर्राष्ट्रिय मञ्चमा उनको ख्यातिमाथि नै प्रश्न उठेको छ। यसले सैनिक शासकहरूलाई म्यान्मामा राजनीतिक हस्तक्षेप गर्न सहज बनेको देखिन्छ। रोहिंग्याविरुद्ध सैनिक अभियानलाई संयुक्त राज्य अमेरिकालगायत प्रजातन्त्र पक्षधर अन्य मुलुकले जातीय नरसंहारको सञ्ज्ञा दिएका छन्।

पूर्व अमेरिकी कूटनीतिज्ञ बिल रिचर्डसनले त्यो सुरक्षाको आधारमा सूकीको नेतृत्व गर्ने क्षमतामाथि नै प्रश्न उठाएका छन्।

रिचर्डसनद्वारा जारी एक विज्ञप्तिमा भनिएको छ– "म्यान्माको वास्तविक नेताको रूपमा सुकी, प्रजातान्त्रिक मूल्य मान्यता बढाउन असफल भएकीले उनी पछि हट्नुपर्दछ र म्यान्माका अन्य प्रजातान्त्रिक नेताहरूलाई अन्तर्राष्ट्रिय समर्थन र सहयोगका साथ अघि सार्नुपर्छ।"

### आगामी दिन

विश्वका प्रायः मुलुकका सरकार तथा अन्तर्राष्ट्रिय संस्थाहरूले म्यान्मामा भएको सत्ता कब्जाको कडा निन्दा गरेका छन्। यसले म्यान्माले गरेका सीमित प्रजातान्त्रिक सुधार जोगाउन बल पुग्ने अपेक्षा गरिएको छ।

"म्यान्मालाई प्रजातन्त्रिक मुलुकको रूपमा उभ्याउने प्रयासमा निकै गम्भीर चोट पुगेको छ" –म्यान्माको 'ह्युमन राइट वाच'का कानूनी सल्लाहकार लिन्डा लखधीरले भनिन्। "विश्व नजरमा म्यान्माको विश्वसनीयतामा पछिल्लो सैनिक कदमले ठूलो आघात पुगेको छ।"

मानव अधिकार अनुगमन समूहहरूले मानव अधिकार रक्षक, पत्रकार र कार्यकर्ताहरूमाथि थप कारबाही हुने डर छ। सेनाको वर्तमान सत्ता कब्जापूर्व हालसालै म्यान्मामा प्रजातन्त्रविरोधी सैन्य गतिविधिको आलोचना गरेकोमा आलोचकहरूले प्रायः कानूनी कारबाहीको सामना गर्नुपरेको थियो।

यो सैनिक सत्ता–कब्जाको उदाहरण अन्तर्राष्ट्रिय समुदायको लागि पनि परीक्षा हुनेछ। दशकौंसम्म गरिएका सुधारका प्रयासले म्यान्मालाई हेर्ने पृथक दृष्टिकोण बनेको भएपनि सेनाको पछिल्लो घोषणा र राजनीतिक उथलपुथलले यसमाथि गम्भीर असर पारेको छ। त्यसो त कडा सैन्य शासनको अधीनमा लामो समयसम्म रहेको म्यान्माले ९० को दशकपछि उत्साहका साथ प्रजातन्त्र अँगालेको थियो।

सेनाका कार्यको भर्त्सना गर्दै जारी गरिएको एक विज्ञप्तिमा संयुक्त राज्यका राष्ट्रपति जो बाइडेनले म्यान्मामा नयाँ प्रतिबन्ध लगाउने चेतावनी दिएका छन्। यसलाई अन्य मुलुकको पनि साथ रहने अनुमान गर्न सकिन्छ। चीन र रूसले म्यान्माको पछिल्लो गतिविधिलाई गम्भीरताका साथ हेरेको बताएका छन् भने युरोपेली युनियन, भारतलगायत मुलुकले यस कदमप्रति विरोध जनाएका छन्।

"म्यान्माका सैन्य नेताहरूले तत्काल म्यान्माका प्रजातान्त्रिक नेताहरूलाई स्वतन्त्र छाडिदिनुपर्छ र सैनिक नेतृत्व सरकारबाट हटाइनुपर्छ" –अमेरिकी सिनेटमा विदेश सम्बन्ध समितिका अध्यक्ष प्रस्तावित डेमोक्रेटिक नेता सेन बोब मेनन्डेजले भने। उनले थपे– "होइन भने संयुक्त राज्य र अन्य देशले म्यान्मामाथि कडा आर्थिक प्रतिबन्ध लगाउनुपर्दछ, साथै सेना र तिनका नेताहरूविरुद्ध अन्य उपाय पनि लागू गर्नुपर्दछ।"

अमेरिका र सहयोगी राष्ट्रले म्यान्मा घटनाबारे दिएका सन्देशले म्यान्माको गलत बाटो सच्याउन समय दिएको छ। कालान्तरसम्म यही कदमलाई अघि बढाउने सोच म्यान्माका सैनिक अधिकारीले राखेमा यसका कारण विश्व समुदायबाट एक्लिने गम्भीर खतरा रहने छ।



**बाढीले विद्यालय भवन बगाएपछि धूलोमा बसेर पढ्न बाध्य बालबालिका** : बागलुङको ढोरपाटन नगरपालिका–९ सुप्राङस्थित जनचेतना आधारभूत विद्यालयका बालबालिकालाई खुला चौरमा राखेर पढाइँदै। गत भदौ १७ गते भुजीखोलामा आएको बाढीले विद्यालय भवन बगाएपछि बालबालिका धूलो र चीसो भुइँमा बसेर पढ्न विवश छन्। तस्वीरः रासस

# शहीद दिवसको सन्दर्भमा

माघ १० देखि १६ गतेसम्म नेपालमा सप्ताहव्यापी शहीद दिवस मनाइन्छ, केवल औपचारिकताका लागि मात्र। शहीदको बलिदानको कदर गर्ने हो भने माघ १६ गते शहीद दिवसका रूपमा देशव्यापी व्यापक जनसहभागिताका साथ मनाइनुपर्दछ। सच्चा क्रान्तिकारी, महान् र गौरवशाली देशभक्त भनेकै शहीद हुन्। कुनै राजनीतिक कालखण्डमा यथास्थितिविरुद्ध परिवर्तनका पक्षमा भएको जनक्रान्ति, जनयुद्ध, जनसङ्घर्षमा शासनसत्ताबाट गोली खाएर शहादत प्राप्त गरेका सबै शहीद हुन्। शहीद साझा र अमर हुन्छन्। शहीदहरू दलविशेषका होइन, राष्ट्रका हुन्छन्। उनीहरूलाई राष्ट्रिय सम्मान दिइन्छ। शहीदहरूलाई उपेक्षा गर्नु भनेको अपराध हो। शहीदको बलिदानलाई भजाएर शासनसत्तामा पुगेका, महत्त्वपूर्ण पद ओगटेकाहरू सबै राष्ट्रका अपराधी हुन्। शहीद परिवारलाई उपेक्षित गर्ने तथाकथित नेताहरूको लोकतन्त्र शहीद परिवारका लागि अभिशाप, दुर्भाग्य हो। शहीद विवादको विषय हुनुहुँदैन। आम जनताको सहमतिमा शहीद घोषणा हुनुपर्दछ। मधेसी शहीद, काङ्ग्रेसी शहीद, माओवादी शहीद, एमाले शहीद होइन, सबै शहीद राष्ट्रिय हुन्। उनीहरूको सम्मान राष्ट्रियस्तरमैं हुन्छ।

२००७ सालको क्रान्तिका चार शहीद धर्मभक्त, दशरथचन्द, शुक्रराज शास्त्री र गङ्गालाल, लखन थापा, थीरबम मल्ल, कृष्णलाल अधिकारी, भीमदत्त पन्त, सरोज कोइराला, दुर्गानन्द झा, सिजनराज पाण्डे, निर्मला देवकोटा, मित्रमणि, सुरेश वाग्ले, बलभद्र कुँवर, कालु पाण्डे, भक्ति थापा, भीमसेन थापालगायत राणाकाल, पञ्चायतीकाल, काङ्ग्रेस र कम्युनिस्टकाल, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातान्त्रिककाल, सङ्घीय लोकतान्त्रिक गणतन्त्रकालमा हिमाल, पहाड, तराई–मधेसका १७ हजारभन्दा बढी नेपाल आमाका छोराछोरीहरूले विकृति, विसङ्गति, असमानता, ज्यादती, भ्रष्टाचार, घूसखोरी, राष्ट्रघात, जनघात, मानव अधिकार उल्लङ्घन, हत्या, बलात्कार, महँगी, बेरोजगारीलगायतका विषय लिएर विरोध प्रदर्शनमा सहभागी हुँदा बलिदानी हुन पुगेका हुन्। हाँसी–हाँसी छाती फुलाएर प्राण आहुति गरेका शहीदहरूले शहीदको सपना, उद्देश्य र लक्ष्य सफल र साकार पार्न नसकेका शासनसत्ताको आनन्द लिई सुखसयलको जीवन बिताइ देश र जनताको मुहार हँसाउन नसकेका अवसरवादी, दलाल, पामर, राजनीतिक अपराधी, आर्थिक अपराधी, राष्ट्रघाती, जनघाती जनप्रतिनिधि, शासक, प्रशासकहरूलाई सरापिरहेका छन्। देश र जनताको बेथिति र बर्बादी हेरेर शहीदहरूको दिवङ्गत आत्मामा शान्ति छैन। बाँचेका नेपालीहरूले शहीदको सम्मानमा व्यक्त गरेका शब्दसुमन, अर्पण गरेका भावपूर्ण श्रद्धाञ्जलिबाट शहीदहरू सन्तुष्ट छैनन्। शहीदहरूको दिवङ्गत आत्मा भड्किंदा देशमा अशान्ति र विरोध कायम हुन पुग्दछ। शहीदहरू आन्दोलन र सङ्घर्षका प्रेरणा स्रोत हुन्। राष्ट्रिय विभूति र इतिहास हुन्। अव्यवस्था परिवर्तन शहीदको आत्माको बोली हो। यथास्थितिमा परिवर्तनका लागि हुने विद्रोह शहीदको प्रेरणा हो। जब–जब देशमा ज्यादती हुन्छ, परिवर्तन समयको माग हुन्छ, त्यतिखेर शहीदको बलिदान, आत्मसमर्पणलाई सम्झिएर देशको माटो छातीमा राखेर प्रण गर्ने हो भने सत्ता परिवर्तन मात्र होइन, आवश्यकता हेरी देशको संरचनामा आमूल परिवर्तन र देश तथा जनतामाथि शोषण, दमन गर्ने शासक, प्रशासकमाथि कडाभन्दा कडा सजाय दिने बेला आउनेछ। सत्ता परिवर्तनका लागि मात्र होइन, राष्ट्र निर्माणका लागि हुने आन्दोलन, क्रान्ति सफल नभएसम्म क्रान्तिको उद्देश्य र लक्ष्य रोकिनुहुँदैन। आजसम्म नेपाली क्रान्ति अधूरो, अपूरो र असफल छ, जसले गर्दा बेलामौकामा क्रान्ति उठ्ने र तुहिने गर्दछ। आमूल परिवर्तनका लागि सप्तक्रान्ति गर्नुपर्ने बेला शहीद दिवसले जुराउनेछ।

मन्तव्य



सुदर्शनराज पाण्डे

**सबै नीतिमा प्रधान नीति राजनीति हो। राजनीतिक प्रस्थान बिन्दु नै गलत हुन गएपछि राजनीतिमा सक्रिय व्यक्तिहरूको प्रवृत्ति नै खराब भएपछि राष्ट्रनिर्माणका लागि सामूहिक प्रयत्न हुनै सक्दैन। गन्तव्यमा पुग्न सकिंदैन।**

आजसम्म भएका जनयुद्ध, जनआन्दोलन केवल सत्ता परिवर्तनका लागि भएका छन्। सम्पूर्ण संरचना र आमूल परिवर्तनका लागि सफल र आवश्यक सङ्घर्ष र क्रान्ति भएकै छैन। जसले जतिपटक परिवर्तनका लागि क्रान्ति भएपनि पात्र परिवर्तन भयो तर प्रवृत्ति परिवर्तन भएन। व्यक्तिको शासन कायम भयो तर विधिको शासन, असल शासन स्थापना हुनै सकेन। एउटा शासक खराब भयो भनेर आन्दोलनद्वारा स्थापित गऱ्यो, अर्को शासक, प्रशासक झन् खराब, भ्रष्ट, जनघाती, राष्ट्रघाती भएर निस्किएको छ। असल कर्म गरेर नाम कमाउनुको सट्टा खराब प्रवृत्ति, बोली, व्यवहार र कार्यशैलीका कारण बदनाम भएको छ। नेपालमा राजनीतिक व्यवस्था, संविधानलाई दोष दिइन्छ तर वास्तविक दोषी र दण्डको भागीदारी भनेको खराब कार्यशैली, विदेशी दलालीका कारण व्यवस्थामा अव्यवस्था कायम गर्ने राजनीतिक कुपात्र नै खराब हुन्। महान् शहीदहरूको मृतात्मा, प्रेत आत्माले उनीहरूलाई सदैव धिक्कारिरहेका छन्। शासनसत्तामा रहेकाहरू अनैतिक गरेर कमाएको धनसम्पत्तिले रमाए पनि परिवारभित्रको खराब दृश्यले उनीहरूको घरमा सुख, शान्ति, समृद्धिको कुनै अर्थ छैन। देश बिगार्नेहरूको घरपरिवार बिग्रिएर अशान्ति र ग्लानि हुन्छ। यो सत्य हो। खराब प्रवृत्तिका व्यक्ति र उनीहरूको परिवारको पतन निश्चित छ। देश र जनताको उचित ढङ्गले भलाई गर्न चाहनेको पनि शहीदपत्नी भीमसेन थापाकी धर्मपत्नीको श्रापका कारण राम्रो हुने गरेको छैन। राष्ट्रनिर्माण गर्ने नेताहरू कोही देखिएनन्। पार्टीका नेताहरू राजनेता बन्न सकेनन्।

सबै नीतिमा प्रधान नीति राजनीति हो। राजनीतिक प्रस्थान बिन्दु नै गलत हुन गएपछि, राजनीतिमा सक्रिय व्यक्तिहरूको प्रवृत्ति नै खराब भएपछि राष्ट्रनिर्माणका लागि सामूहिक प्रयत्न हुनै सक्दैन। गन्तव्यमा पुग्न सकिंदैन। गुट, फुट, लूटको राजनीतिक संस्कार र संस्कृति आखिरमा अस्तित्व विनाशको बाटो हो। क्रान्तिमा बलिदानी शहीदको सङ्ख्या बढाएर मात्र सकारात्मक परिवर्तन, उपलब्धिमूलक परिणाम देखिंदैन। १० वर्ष माओवादी जनयुद्धले जसलाई पनि र धेरै शहीद भए तर उनीहरूको सम्मान हुन सकेन। ज्ञात, अज्ञात देशभरका आत्मबलिदान गरेका शहीदहरूको सम्मान र सम्झनाका लागि सम्पूर्ण शहीदको जीवनी, योगदान समेटेर शब्दचित्र प्रस्तुत नगरी शहीद र शहीद परिवारकै उपेक्षा गरेकोले त्यतिखेरको क्रान्तिकारी कम्युनिस्ट पार्टी र यसका नेता प्रचण्डलगायत पतन र दुःखको बाटोमा पुगेका छन्। नेपाली जनता र देशलाई प्रयोग गरेर पूँजीवादी दलाल, विकृतिपूर्ण संसदीय व्यवस्थाको हिमायती बन्न पुगेका प्रचण्डलगायतका नेताहरूमा यतिखेर शहीदहरूको सम्झना र सम्मान गर्ने मन छैन। राष्ट्रनिर्माण गर्ने, मन बुद्धि, विवेक र कर्म छैन। नेपालको राजनीतिक इतिहास हिंसा, हत्या, षड्यन्त्र, अवसरवादी र दलालीमा टिकेको छ। शहीद दिवसका दिन शहीदको सम्झनामा शहीदको सालिकमा धुप, बत्ती गरेर दलका भ्रष्ट, नालायक र असफल नेताहरूको मनमा के शान्ति हुन सक्ला? सन्तुष्टि मिल्ला?

जनयुद्धका सुप्रिमो प्रचण्डले राज्यपक्ष र गैर राज्यपक्षद्वारा गैरन्यायिक हत्या गरिएका, युद्धका नाममा मारिएका व्यक्तिहरूका परिवारलाई विदेशी अनुदान रकम प्रतिपरिवार रु १० लाख बाँडेर खेतालाको जस्तो सम्मान गरेका छन्। जनयुद्धका खेताला योद्धाहरूको परिवार हिजोआज पूरै उपेक्षित छन्। शहीदहरूको स्मृति पनि केवल औपचारिकता पूरा गर्न मात्र भइरहेको छ। जनयुद्धको उद्देश्य, लक्ष्य र अठोटलाई प्रचण्डले नै तिरस्कार गरे। समयले प्रचण्डलाई बहिष्कार गर्दैछ। राष्ट्रका गौरव शहीदहरूको स्मृतिगाथा निर्माण गर्न विभिन्न ठाउँमा निर्माण भएका विभिन्न शहीदहरूको सालिक संरक्षण गर्न नसक्नेहरू बकमफुसे हुन्। जनयुद्ध दुस्साहसपूर्ण भयो। देश र जनताको दिगो परिवर्तनका लागि कामयाब हुन सकेन।

## आर्थिक सहायता नदिएपछि नगरपालिकामा तालाबन्दी

प्रस, रौतहट, २१ माघ/

रौतहटको वृन्दावन नगरपालिकामा स्थानीयले तालाबन्दी गरेका छन्। आर्थिक सहायता रकम नदिएको भन्दै आक्रोशित स्थानीयले बुधवार नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेका हुन्।

तस्वीरः सौजन्य




बुधवार दिउँसो कर्मचारीलाई भित्रै राखेर तालाबन्दी गरिएपछि नगरपालिकाका २० जना कर्मचारी ३ घण्टा थुनिएका थिए। निमित्त प्रमुख प्रशासकीय अधिकृत नगेन्द्रराय यादव र लेखापाल सीताराम पालले पटक–पटक बोलाएर पनि सहयोग रकम नदिएको स्थानीयको आरोप छ।

यस सम्बन्धमा नगरपालिकाका निमित्त प्रमुख कार्यकारी अधिकृत यादवले आर्थिक सहायता रकम माग्ने बित्तिकै दिन कानूनीरूपमा नमिल्ने भएकोले दिन नसकेको बताए। निवेदन हेरेर दिनै पर्ने भए कार्यपालिकाको निर्णयपछि र निश्चित मापदण्ड पूरा गरेर मात्रै सहायता रकम दिन मिल्ने उनको भनाइ छ।

यसअघि पनि निवेदन दिएका धेरैजनालाई कार्यपालिकाको निर्णय अनुसार नै राहत रकम उपलब्ध गराइएको भन्दै कार्यकारी अधिकृत यादवले २–४ दिन पर्खिन र कार्यपालिका बैठकपछि बोलाउने बताउँदा पनि केही समूहले अकस्मात् कार्यालयमा जम्मा भएर तालाबन्दी गरेको अधिकृत यादवको भनाइ थियो।

## पठनपाठन नभएको भन्दै विद्यार्थीहरुद्वारा विरोध प्रदर्शन

प्रस, महोत्तरी, २१ माघ/

विद्यालयमा नियमित पठनपाठन नभएको भन्दै रामनारायण अयोध्या माध्यमिक विद्यालयका विद्यार्थीहरूले विरोध प्रदर्शन गरेका छन्। महोत्तरीको पिपरा गाउँपालिकास्थित रामनारायण अयोध्या माध्यमिक विद्यालयका विद्यार्थीहरूले बुधवार बिहान पिपराचोकमा चक्काजाम गरेर प्रदर्शन गरेका हुन्।

गाउँपालिका, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले समेत विद्यालयको पठनपाठनमा ध्यान नदिएकोले आन्दोलनमा उत्रन बाध्य भएको विद्यार्थीहरूले बताएका छन्। विरोध प्रदर्शनमा कक्षा ९ र १० मा अध्ययनरत छात्रछात्राहरूको सहभागिता थियो।

उनीहरूले विद्यालयमा नियमितरूपमा पठनपाठन हुनुपर्ने माग गरेका छन्। कुनै दिन विद्यालय खुल्ने, कुनै दिन नखुल्ने, विद्यालय खुलेको दिन विद्यालयमा सबै शिक्षक नआउने, आएका शिक्षकहरूले नपढाउने र अधिकांश घण्टी खाली हुने गरेको विद्यार्थी अगुवा रामरोशन यादवले बताए।

वार्षिक परीक्षा नजीकिंदै गर्दा कतिपय विषयको किताब पनि नखुलेको विद्यार्थीहरूको भनाइ छ। जतिसक्दो छिटो समस्या समाधान नभए चरणबद्ध आन्दोलनमा उत्रने उनीहरूले चेतावनी दिएका छन्।

## सशस्त्र प्रहरीद्वारा गाँजा बरामद

प्रस, सप्तरी, २१ माघ/

सशस्त्र प्रहरीले सप्तरीको हनुमाननगर कङ्कालिनीबाट ४१ किलो गाँजा बरामद गरेको छ।

हनुमाननगर कङ्कालिनी नगरपालिका–१ सकरदहीमा परालको थुप्रोमा लुकाएर राखिएको अवस्थामा बुधवार गाँजा बरामद भएको हो।


सार्वजनिक जग्गामा राखिएको परालको थुप्रोभित्र लुकाएर राखिएको अवस्थामा गाँजा बरामद भएको लागूऔषध गाँजा बरामद गरिएको सशस्त्र प्रहरी सप्तरीका प्रहरी उपरीक्षक राजु श्रेष्ठले जानकारी दिए।

उक्त स्थानमा गाँजा राखेर बिक्री वितरण गर्ने गरिएको बताउँदै उनले यस सम्बन्धमा अनुसन्धान भइरहेको बताए।

## फरक समाचार

### नशाको लत हटाउन चिप

कोरियाका वैज्ञानिकले यस्तो चिप तयार गरेका छन्, जसले नशाको लतबाट छुटकारा दिन मदत गर्छ। यसले डिप्रेशन र पार्किन्सस रोगसँग पनि लड्छ। वैज्ञानिकका अनुसार चिपलाई मस्तिष्कमा प्रत्यारोपण गरेर लगाइन्छ। यसलाई ब्लुटुथ र मोबाइलको माध्यमबाट नियन्त्रण गर्न सकिन्छ।



साधारणतया यस्तो डिभाइसलाई शरीरमा प्रत्यारोपण गरेको केही समयपछि ब्याट्री बदलिन पुनः सर्जरी गरिन्छ तर यो चिपमा यस्तो गर्नुपर्दैन। यो लामो समयसम्म काम गर्छ र चार्ज पनि हुन्छ।

शोधकर्ताका भनाइ अनुसार तपाईं जहाँ भएपनि यस चिपलाई मोबाइलबाट अपरेट गर्न सकिन्छ। यो चिपले कसरी काम गरिरहेको छ यो बुझ्न मुसालाई नशालु पदार्थ कोकिन दिइएको थियो। त्यसपछि सानो शल्यक्रिया गरेर मुसाको मस्तिष्कमा चिप लगाइयो। शोधकर्ता जियोन्ग हु किम भन्छन्– “लाइट स्टिमुलेशनको माध्यमबाट जनावरको व्यवहारलाई नियन्त्रण गर्न सकियो।”

द कोरिया एडभान्स इन्स्टिच्युट अफ साइन्स एन्ड टेक्नोलोजीका प्राध्यापक जे बूंग जियोन्ग भन्छन्– “यस डिभाइसमा सानो एलइडी लाइट लगाइएको छ, जसले मस्तिष्कको न्यूरोन्समा असर गर्छ। मुसामाथि गरिएको यस प्रयोगबाट उसको नशाको लतमा कमी आएको छ।” वैज्ञानिकले यसलाई मस्तिष्कसँग सम्बन्धित अन्य रोगको लागि पनि प्रयोग गर्ने भएका छन्।

प्राध्यापक जियोन्ग भन्छन्– “स्मार्टफोनको मदतबाट यस वायरलेस चिपलाई अपरेट गरिन्छ। चिपबाट निस्किने चुम्बकीय तरङ्गबाट ब्याट्री चार्ज हुन्छ। यो तरङ्गबाट मनुष्यलाई कुनै प्रकारको नोक्सान हुँदैन।

### ७८ वर्षीया वृद्धामा युवाजस्तो जोश

७८ वर्षीया वृद्धा आफूभन्दा दुई गुना वजन उठाएर चर्चामा छिन्। पावर लिफ्टरको नाम नोरा लन्डन हो। नोराले आफ्नो इन्स्टाग्राम अकाउन्टमा एउटा भिडियो क्लिप पोस्ट गरेकी छन्। भिडियोमा उनले १५९ किलो वजनलाई बोकिरहेको देखाइएको छ।


ओपन पावर लिफ्टिङ अनुसार नोरा लन्डनले सबैभन्दा पहिले सन् २००७ मा पावर लिफ्टिङ प्रतियोगितामा भाग लिएकी थिइन्। पछिल्लो १४ वर्षको दौरान नोराले कुल २२ प्रतियोगितामा भाग लिएकी थिइन्, जसमध्ये उनले २० वटा प्रतियोगिता जितेकी छन्। सन् २००८ मा नोराले अन्तर्राष्ट्रिय पावर लिफ्टिङ फेडरेशनमा पनि जीत हासिल गरेकी थिइन्। त्यस्तै, सन् २०१९ मा पनि नोराले अमेरिकन पावर लिफ्टिङ फेडरेशनको तर्फबाट नेशनल्स जितेकी थिइन्।



सन् २०२० मा मिशिगन स्टेट मिटको अमेरिकन पावर लिफ्टिङ फेडरेशनको प्रतियोगिता पनि उनले जितिन्। उमेर बढे पनि नोराले १९ विश्व रेकर्ड आफ्नो नाममा गरेकी छन्। उनको जीतको यी सम्पूर्ण रेकर्डबाट यो कुरा साबित गर्दछ कि उनी मैदानमा जित्नकै लागि उत्रिन्छिन्।

### न चिम, न बत्तीः वातावरणमैत्री घर

भारत, बेङ्गलुरूका एक दम्पतीले यस्तो घर बनाएका छन् जुन प्रकृति अनुकूल छ। यस घरमा न त बिजुलीको चिम छ, न पङ्खा। यो रोचक कथा रञ्जन र रेवा मलिकको हो। यस युगल जोडीले पर्यावरण अनुकूल घर बनाएका छन्। घरमा हरेक बिहान घाम र मौसमको ताजा स्थितिले यो तय गर्छ कि उनीहरूको सोलर कुकरमा आज के पाक्छ। यदि घाम तीव्र छ भने रेवाले कोदो (बाजरा)को कुनै परिकार बनाउँछिन्। घरमा पर्याप्त क्रस भेन्टिलेशनको सुविधा छ, जसबाट तापमान सदैव सामान्य रहन्छ।



करीब ७७० वर्गफिट क्षेत्रमा रहेको यो घरलाई माटोबाट बनाइएको छ। घरको जगमा मड कङ्क्रिट प्रयोग गरिएको छ। आवश्यकताको हिसाबले स्टिलको पनि प्रयोग गरिएको छ। घरमा एउटा भान्सा, शयन कक्ष र एउटा बार्दली छ। छाना टेराकोटा टायलबाट बनाइएको छ, जुन जाडोमा सदैव गर्मी रहन्छ र गर्मीमा सदैव चिसो हुन्छ। छानामा टाइललाई ३० डिग्रीको स्लोपमा बनाइएको छ, जसबाट गर्मी सीमित गर्न मदत गर्छ।

रेवा भन्छिन्– “हाम्रो अधिकांश समय शहरमा बित्यो तर हामी प्रकृतिको नजीक बस्न चाहन्थ्यौं।” सन् २०१८ मा उनीहरूले आफ्नो जमीनमा यस वातावरणमैत्री घर तयार गरे। वाटर हार्भेस्टिङको माध्यमबाट रेवा भूमिगत ट्याङ्कीमा १० हजार लिटर पानी जम्मा गर्छिन्। त्यस्तै, अर्को ट्याङ्कीमा रिसाइकल्ड पानी जम्मा गरिन्छ र यसको प्रयोग ४० भन्दा बढी जैविक तरकारी र फलको सिंचाइमा हुन्छ।

घरमा प्राकृतिक प्रकाश र हावाको लागि खुला स्थान र ठूलो झ्याल छ। यस युगल जोडीले अहिलेसम्म यस घरमा न त कुनै पङ्खा लगाएका छन्, न बत्ती बाल्न चिम। उनीहरूको दिनचर्या पनि प्रकृतिअनुकूल छ। रञ्जन र रेवा सूर्योदय भएपछि उठ्छन र सूर्यास्तपछि सुत्छन्।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## विश्व स्वास्थ्य सङ्गठनका विज्ञहरूको टिम चीनको वुहानमा

वुहान, २१ माघ /एएफपी

कोरोना भाइरसबारे अध्ययनका लागि विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले तयार पारेको टिम चीनको वुहान शहर पुगेको छ। उनीहरूलाई चीन प्रवेश गर्न चीन सरकारले यस अघि रोक लगाएको थियो।

चीनको वुहान शहरलाई कोरोना भाइरस कोभिड–१९ को उद्गमस्थल मानिन्छ। सो स्थानको अनुसन्धान गर्न विश्व स्वास्थ्य सङ्गठनका विज्ञहरूको समूह बुधवार त्यहाँ पुगेको हो।

चीनको वुहानमा पुगेको सो समूहले बुधवार त्यहाँ रहेको कोरोना भाइरससम्बन्धी प्रयोगशालाको निरीक्षण पनि गरेको छ। लामो समयको छलफलपछि चीनले डब्ल्युएचओलाई कोरोनाको उद्गमस्थल मानिएको वुहानमा अनुसन्धान तथा अध्ययनका लागि अनुमति दिएको थियो। वुहानमा अध्ययनका लागि डब्ल्युएचओले १० सदस्यीय अन्तर्राष्ट्रिय विज्ञलाई चीन पठाउने निर्णय सो सङ्गठनले हालै मात्र गरेको थियो।

गएको महीना जनवरी २०२१ देखि अध्ययन शुरू हुने घोषणा गरिएको थियो। चीनले विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधिलाई वुहान जाने अनुमति नदिएपछि हालै मात्र उनीहरू त्यहाँ पुगेका छन्। सन् २०१९ को अन्त्यमा पहिलोपटक वुहानमा देखिएको कोरोना भाइरसको सङ्क्रमण यतिखेरसम्म विश्वभर नै फैलिएको छ। अझ पछिल्ला दिनहरूमा त यसको नयाँ प्रजातिको पनि सङ्क्रमण शुरू भएको बताइएको छ।

कोरोना भाइरसको महामारी अझै पनि घट्ने अवस्था देखिएको छैन। विश्वमा दश करोडभन्दा बढी नागरिक सङ्क्रमित भइसकेका छन्। त्यसैगरी, यसबाट करीब २२ लाख मानिसको ज्यान गएको छ। विश्वमा खोपको विकास भएको छ र कैयौं देशमा खोप दिने क्रम पनि शुरू भएको छ। तर यतिबेलासम्म पनि कोरोना भाइरसको समस्या घटेको देखिएको छैन।

विश्व स्वास्थ्य सङ्गठनका विज्ञहरूको समूह चीनको वुहानमा रहेको इन्स्टिच्युट अफ भाइरोलोजी पुगेर कोरोना भाइरसको उत्पत्ति र यसको विस्तार हुनुका कारणबारे खोजी गरिरहेको बताइएको छ।

### पाकिस्तानमा खोप अभियान शुरू, चिनियाँ सिनोफार्मको खोप लगाइने

इस्लामाबाद/एएफपी

पाकिस्तानमा कोभिड–१९ विरुद्ध बुधवारदेखि पहिलो चरणको खोप अभियान शुरू हुँदैछ। पहिलो चरणमा स्वास्थ्यकर्मीलाई उक्त खोप दिइने पाकिस्तान सरकारको तयारी छ। यो खोप चीन सरकारले उपलब्ध गराएको हो।

चीनले सिनोफार्म फर्मास्युटिकल्सबाट उत्पादित पाँच लाख डोज खोप सहयोग गरेको थियो। यसै महीनाको अन्त्यसम्ममा अरू लाखौं डोज खोप पाकिस्तान ल्याउने र आम जनतालाई खोप लगाउने पाकिस्तान सरकारको योजना छ।

सिनोफार्म खोपलाई चिनियाँ स्वास्थ्य अधिकारीहरूले आपत्कालीन प्रयोगका लागि अनुमति दिइसकेका छन्।

करीब २२ करोड जनसङ्ख्या रहेको पाकिस्तानमा पाँच लाख मानिसमा कोरोना सङ्क्रमण देखिएको र तीमध्ये ११ हजार मानिसको मृत्यु भएको छ। तर सीमित सङ्ख्यामा मात्र परीक्षण गरिएकाले सङ्क्रमित व्यक्ति र मृतकको सङ्ख्या बढी हुन सक्ने अनुमान गरिएको छ।

सिनोफार्मको खोपको प्रभावकारिताका विषयमा केही विज्ञले प्रश्न उठाए पनि पाकिस्तान सरकारले सिनोफार्मको खोपलाई अनुमति दिइसकेको छ।

अस्ट्राजेनिकाले उत्पादन गरेको खोप पनि करीब एक करोड ७० लाख डोज कोभाक्समार्फत सन् २०२१ को पहिलो ६ महीनाभित्र प्राप्त हुने पाकिस्तान सरकारले विश्वास लिएको छ।

भारतले छिमेकी मुलुकहरूलाई केही खोप अनुदानमा दिइरहे पनि त्यो सूचीमा पाकिस्तान रहेको छैन।

### भारतमा मृतकको सङ्ख्या १ लाख ५४ हजार नाघ्यो

नयाँ दिल्ली/सिन्हवा

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण ११० जनाको मृत्यु भएपछि कोरोना भाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५४ हजार ५९६ जना पुगेको छ।

यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या मङ्गलवारसम्म एक करोड सात लाख ७७ हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा ११ हजार ३९ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड सात लाख ७७ हजार २८४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधवार जनाएको छ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड चार लाख ६२ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा एक लाख ६० हजार ५७ जना सक्रिय सङ्क्रमित रहेका छन्।

भारतमा गत जनवरी १६ देखि कोभिड–१९ विरुद्ध खोप कार्यक्रम शुरू भएको छ। सो दिनदेखि हालसम्म ४१ लाखभन्दा बढी व्यक्तिले खोप लगाइसकेका छन्। कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायः स्वास्थ्यकर्मीहरू रहेका जनाइएको छ। रासस

## फिलिपिन्सको पर्यटन क्षेत्रमा कोभिड–१९ को व्यापक असर

मनिला, २१ माघ/सिन्हवा

कोरोना भाइरस महामारीका कारण पर्यटन क्षेत्रमा मन्दी आएसँगै फिलिपिन्सको पर्यटन राजस्वमा सन् २०२० मा झन्डै आठ अर्ब ३० करोड डलरभन्दा बढी कमी आएको छ।

फिलिपिन्सको पर्यटन विभागका अनुसार सन् २०२० मा १३ लाख पर्यटकले मात्र फिलिपिन्सको भ्रमण गरेका थिए। पर्यटन उपसचिव रोबर्टो अलाबाडोले सन् २०१९ को तुलनामा फिलिपिन्समा झन्डै ८० प्रतिशत कम पर्यटक आएको संसद्लाई जानकारी दिए।

उनले सन् २०१९ मा झन्डै ८३ लाख पर्यटक फिलिपिन्स आएको बताए।

दक्षिण पूर्वी एशियाली मुलुक फिलिपिन्समा पर्यटकको सङ्ख्यामा आएको व्यापक गिरावटका कारण झन्डै ५७ लाख व्यक्ति बेरोजगार भएको बताए।

फिलिपिन्सको तथ्याङ्क विभागका अनुसार सन् २०१९ मा फिलिपिन्सको अर्थतन्त्रमा पर्यटन उद्योगले करीब १२.७ प्रतिशत योगदान गरेको थियो।

अर्थतन्त्रमा पर्यटन क्षेत्रको ठूलो योगदान रहेकाले यसको पुनरुत्थानका लागि सरकारले विशेष पहल गर्नुपर्ने खाँचो रहेको पनि उनले बताए।

कोरोना भाइरस महामारीका कारण फिलिपिन्ससहित छिमेकी देशहरूमा कडा लकडाउन गरिएका थिए। लकडाउनका कारण मुख्यरूपमा पर्यटकीय गतिविधिलाई व्यापक असर पारेको र ठूलो सङ्ख्यामा मानिसहरू अन्यत्र पलायन हुन बाध्य भएका थिए।

हाल फिलिपिन्सले बिस्तारै देशभित्रको यात्रालाई सहजीकरण गर्न थालेको छ र स्वास्थ्य एवं सुरक्षाका मापदण्ड अपनाएर यात्रा अनुमति प्रदान गर्न थालिएको छ। तैपनि कमै मानिसले मात्र स्वास्थ्य जोखिम लिन चाहेको पाइएको छ।

लकडाउन र अन्य प्रतिबन्धहरूका बावजूद फिलिपिन्समा कोभिड–१९ बाट करीब ५ लाख २९ हजार सङ्क्रमित भएका र तीमध्ये १० हजार ८७४ जनाको मृत्यु भएको थियो। रासस

## अमेजनका प्रमुख कार्यकारी जेफ बेजोसद्वारा राजीनामा

वाशिङ्टन, २१ माघ/एएफपी

अमेजनका संस्थापक जेफ बेजोसले यसै वर्ष सन् २०२१ को अन्त्यदेखि कम्पनीको प्रमुख कार्यकारी अधिकृतको पदबाट अलग हुने घोषणा गरेका छन्।

सानो व्यवसायलाई विश्वकै एउटा महत्त्वपूर्ण कम्पनीका रूपमा रूपान्तरण गर्ने श्रेय बेजोसमाथि छ।

अमेजनको सम्पत्तिका आधारमा विश्वकै धनाढ्य व्यक्तिको सूचीमा रहेका बेजोसले यस वर्षको तेस्रो चौमासिक अवधिमा कम्पनीको कार्यकारी अध्यक्ष रहने र प्रमुख कार्यकारीको भूमिका एन्डी जेस्सीलाई हस्तान्तरण गर्ने बताएका छन्। जेस्सीले हाल अमेजन वेब सर्भिसेजको नेतृत्व गरिरहेका छन्।

कोरोना भाइरस महामारीका कारण जताततै लडकडाउन भएपछि अनलाइन व्यवसाय फस्टाएका कारण अमेजनको पनि नाफा झन्डै दोब्बर अर्थात् ७.२ अर्ब डलर भएको थियो। कम्पनीले गरेको कुल कारोबारमा ४४ प्रतिशतले वृद्धि भएर एक खर्ब २५ अर्ब डलरभन्दा बढी पुगेको थियो।

अमेजनका कर्मचारीलाई सम्बोधन गरिएको पत्रमा बेजोसले आफू अमेजनका गतिविधिका साथै परोपकारी कार्यहरूमा सक्रियरूपमा सहभागी हुने बताएका छन्। उनले 'हाल डे वान फन्ड' र 'बेजोस अर्थ फन्ड' नामको दुई परोपकारी अभियान सञ्चालन गरिरहेका छन्।

हाल ५७ वर्ष पुगेका बेजोसले अमेजन सन् १९९४ मा आफ्नो ग्यारेजबाट शुरू गरेका थिए। हाल अमेरिकामा यस कम्पनीले अनलाइन खुद्रा (रिटेल) व्यवसायमा प्रभाव सिर्जना गरिसकेको छ भने यसले सङ्गीत र टेलिभिजनको स्ट्रिमिङका साथै खाद्य, क्लाउड कम्प्युटिङ, रोबोटिक्स, आर्टिफिसियल इन्टेलिजेन्स र अरू नवीन परियोजनामा काम गरिरहेको छ।

यहाँका अन्य व्यवसायहरूमा दि वाशिङ्टन पोस्ट अखबार र निजी अन्तरिक्ष संस्था ब्लू ओरिजिन रहेका छन्।

अमेजनको प्रमुख कार्यकारीका रूपमा नियुक्त हुन लागेका जेस्सीले सन् १९९७ मा मार्केटिङ व्यवस्थापकका रूपमा काम शुरू गरेका थिए। उनी सन् २००३ देखि अमेजन वेब सर्भिसेजमा कार्यरत छन्।

बेजोसले जेस्सीमा बेजोड प्रतिभा र नेतृत्व क्षमता रहेको बताउँदै उनीमाथि आफ्नो पूर्ण विश्वास रहेको बताएका छन्।

बेजोसको नेतृत्वमा व्यापक प्रगति गरेको अमेजनको मुख्यालय सियाटल, वाशिङ्टनमा रहेको छ र यसले अमेरिकी राजधानीबाहिर दोस्रो मुख्यालय पनि बनाउँदै छ।

अमेजनको बजार मूल्य मङ्गलवार झन्डै १६ खर्ब ९० अर्ब डलरको रहेको छ। दश वर्षअघिको तुलनामा यो वृद्धि झन्डै १० गुणा बढी हो। रासस

# सहकारीलाई व्यवस्थित गर्नुपर्छ -मन्त्री साह

प्रस, वीरगंज, २१ माघ/

राष्ट्रिय सहकारी बैंक लि.को ६५औं शाखाको रूपमा बुधवारदेखि कलैयामा कारोबार शुरू गरेको छ।




शाखाको उद्घाटन गर्दै प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्र साहले सहकारीलाई व्यवस्थित गरेर लैजानुपर्ने आवश्यकता औंल्याए। कोरोनाकालपछि सहकारीहरूले रोजगार सृजना गरी युवाहरूलाई जीविकोपार्जन गर्न सहयोग गरेको बताए।

सहकारीहरूले साना उद्यमीहरूलाई दैनिक बचत गर्न लगाएर उनीहरूको आर्थिक उन्नतिमा सहयोग गरेको बताए। तर केही सहकारीले बचतकर्ताका करोडौं नगद लिएर फरार भएकोमा दुःख व्यक्त गर्दै सहकारी सङ्घले त्यसलाई नियन्त्रण गर्नुपर्ने बताए। उनले प्रदेश सरकारले चाँडै सहकारीसम्बन्धी ऐन ल्याइरहेको र सो ऐनले सहकारीमा भइरहेका अनियमितता केही हदसम्म नियन्त्रण गर्ने बताए।

बैंकका केन्द्रीय अध्यक्ष केबी उप्रेतीको सभापतित्वमा भएको कार्यक्रममा प्रदेशसभा सदस्य पारस साह, बैंकका सञ्चालक विश्वनाथ मण्डल, ध्रुव यादव, नेफ्स्कुनका हरेराम पटेल, बैंकका सिइओ बद्री गुरागाईं, शम्भु गुप्ता, बारा अध्यक्ष मिश्रीलाल सहनी, जिल्ला कृषि सहकारी सङ्घ पर्साका अध्यक्ष शिवकुमार साहलगायतले मन्तव्य व्यक्त गरेका थिए।

### पतिद्वारा पत्नीको हत्या.....

हुँदा उनले पत्नीको घाँटी थिचेर हत्या गरेको वडा प्रहरी कार्यालय, श्रीपुरले जनाएको छ। डेढ वर्ष पहिले प्रेमविवाह गरी डेरामा बस्दै आएको र घरायसी विवादमा मनमुटाव हुँदा पति असरफले पत्नी मनु थापाको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको बताइएको छ।

अन्सारीको परिवार वीरगंज छपकैयामा बस्दै आएको र डेढ वर्षअघि उनीहरू दुवैको दोस्रो विवाह भएको थियो। मृतक मनु थापाको पहिलो पतिबाट साढे ३ वर्षकी छोरी छन्।

असरफले पहिलो पत्नीसँग सम्बन्ध विच्छेद गरी मनुसँग दोस्रो विवाह गरेका थिए। घरायसी खर्चको विषयमा केही महीनादेखि दुवैबीच विवाद हुँदै आएको थियो।

शव शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा लगिएको पर्सा प्रहरीले जनाएको छ। असरफ पहिले टेम्पो चलाएर गुजारा गर्दै आएका थिए भने हाल लागूऔषध र जाँडरक्सी सेवन गर्ने गरेको मृतक मनुकी आमा मीना थापाले बताएकी छन्।

### सडक दुर्घटना....

साहले जानकारी दिए।

ठक्कर दिने बोलेरो तथा चालक धनकुटाको पाखावास नगरपालिका–४ का ३९ वर्षीय तोर्ण निरौला प्रहरीको नियन्त्रणमा छन्।

**शीतलहरको समयमा चीसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ, त्यसैले-**

- न्यानो कपडाको जोहो समयमैं गरौं।
- शीतलहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनुपर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो ओढ्ने ओढौं। घरभित्र राति सुत्दा शरीर र अनिवार्यरूपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं, छाती र टाउकोलाई चीसोबाट जोगाउने कार्य गरौं।
- चीसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खानेकुरा खाने बानीको विकास गरौं।

वृन्दावन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विश्रामपुर, रौतहट

## आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – कडाश्रम |
| मिथुन – कार्यनाश | कर्कट – भयचिन्ता |
| सिंह – मित्रमिलन | कन्या – कान्तिक्षय |
| तुला – सुयश | वृश्चिक – अलमल |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – अलमल | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

कालिकामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिहरपुरबिर्ता, पर्सा
२ नं. प्रदेश, नेपाल

**करार सेवामा पदपूर्तिसम्बन्धी दरखास्त आह्वानको सूचना**

प्रथमपटक प्रकाशित मिति : २०७७/१०/२१

कालिकामाई गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७७/१०/१९ गतेको कार्यपालिकाको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रिक्त रहेका देहायबमोजिमका पद र श्रेणीमा करारमा कर्मचारी नियुक्त गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरूबाट निम्न शर्तबमोजिम दरखास्त आह्वान गरिएको छ।

<table>
<tr><th>क्र.सं.</th><th>विज्ञापन नं.</th><th>पद</th><th>तह</th><th>योग्यता</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>५/०७७/०७८</td><td>अ.न.मी.</td><td>चौथो</td><td rowspan="2">◆ लोकसेवा आयोगले सम्बन्धित पदका लागि तोकेको न्यूनतम शैक्षिक योग्यता कायम गरिएको छ।<br>◆ पुरुषको हकमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।<br>◆ महिलाको हकमा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।<br>◆ स्थानीय व्यक्तिलाई प्राथमिकता दिइनेछ।</td><td rowspan="2"></td></tr>
<tr><td>२.</td><td>६/०७७/०७८</td><td>अ.हे.ब.</td><td>चौथो</td></tr>
</table>

१) परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता।
२) फाराम दस्तुर : रु ५००/– बैंक अफ काठमाण्डु, बिरञ्चिबर्वा शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०१८८००००००९०५२४ मा जम्मा गरी सक्कल बैंक भौचर निवेदन साथ दिनुपर्नेछ।
३) आवेदन दिनुपर्ने अन्तिम मिति : सूचना प्रकाशित भएको १५औं दिनभित्र कार्यालय समयभित्र।
४) आवेदन बुझाउने स्थान : कालिकामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, हरिहरपुरबिर्ता, पर्सा।
५) सम्पर्क मिति : २०७७/११/०७
६) थप जानकारीको लागि : ९८५५०१९११८
७) तलब तथा अन्य सेवा : नेपाल सरकारको नियम अनुसार।

**पुनश्च: एसबिए तालीमप्राप्त महिलालाई विशेष ग्राह्यता दिइनेछ।**

**पेश गर्नुपर्ने कागजातहरू :**

◆ नागरिकताको प्रमाणपत्र
◆ शैक्षिक योग्यताको प्रमाणपत्र
◆ काउन्सिल दर्ताको प्रमाणपत्र
◆ अनुभवका प्रमाणपत्रहरू
◆ अन्य आवश्यक कागजातहरूको प्रमाणित प्रतिलिपि

**जयचन्द्र साह**
(प्रमुख प्रशासकीय अधिकृत)

# दुर्घटना न्यूनीकरणका लागि ट्राफिक सचेतना

प्रस, वीरगंज, २१ माघ/

जिल्ला ट्राफिक प्रहरी कार्यालय, वीरगंज अभियानका अध्यक्ष दिलीप कार्कीले बताए । ३५ जना चालकलाई प्रहरी हवल्दार दिनेशप्रसाद कुशवाहाले कागजपत्रसहित


सवारी चालक र चालक अनुमतिपत्रका लागि परीक्षा दिएकाहरूलाई ट्राफिक नियमसम्बन्धी जानकारी गराउँदै । तस्वीर: प्रतीक

पर्साले ट्राफिक सचेतना कार्यक्रमलाई निरन्तरता दिएको छ ।

ट्राफिक नियम पालना गराइ दुर्घटना न्यूनीकरणको लागि ट्राफिक कार्यालय पर्साले वीरगंज महानगर र महानगरबाहिरका क्षेत्रमा ट्राफिक नियमसम्बन्धी सचेतना कार्यक्रम चलाउँदै आएको छ ।

ट्राफिकले साताव्यापी रिफ्लेटिकर स्टिकर टाँस्ने अभियानलाई पनि निरन्तरता दिंदै आज पाँचौं दिन वीरगंज सुक्खा बन्दरगाहमा सवारीसाधनहरूमा सो स्टिकर टाँसेको छ। करीब दुई सय सवारीसाधनमा स्टिकर टाँसेको व्यवस्थित

यसैगरी, ट्राफिकले वीरगंजको अलौं र पोखरिया नगरपालिकामा पनि ट्राफिक नियम पालनासम्बन्धी सचेतना कार्यक्रम गरेको छ । अलौंमा अस्थायी ट्राफिक प्रहरी चौकीका प्रहरी हवल्दार अनोज चौरसियाले ३९ वटा ट्याक्टरमा नम्बर प्लेट लेख्न लगाएको र चालकहरूलाई सवारी नियमसम्बन्धी सचेतना गराएका थिए । ओभरटेक नगर्न, तीव्र गतिमा सवारीसाधन नचलाउन र सवारी नियम पालना गर्न उनले चालकहरूलाई सचेत गराएको ट्राफिक प्रहरी कार्यालय पर्साका प्रनि सुमन कार्कीले बताए ।

यसैगरी, पोखरिया-२ बजारचोकमा सवारी चलाउन, ओभरटेक नगर्न, तोकिएकोभन्दा बढी यात्री नराख्न, तीव्र गतिमा सवारी नचलाउन र ट्राफिक नियम पालना गर्न सचेत गराएको प्रनि कार्कीले बताए ।

ट्राफिक प्रहरीले सवारी चालक अनुमतिपत्रका लागि लिखित परीक्षा दिएका २०१ जना परीक्षार्थीलाई पनि ट्राफिक नियमबारे जानकारी गराएको छ। चालक अनुमतिपत्रका लागि परीक्षा दिने परीक्षार्थीहरूको लागि सवारी नियम, दुर्घटना न्यूनीकरणसम्बन्धी प्रसनि किरण कार्कीले प्रशिक्षण दिएको प्रनि कार्कीले बताए ।

# भेडाहा र सिंघाही खोलामा उत्खनन रोक्का गर्ने निर्णय

प्रस, वीरगंज, २१ माघ/

जिल्ला समन्वय समिति, पर्साका प्रमुख नेकमहम्मद अन्सारीको अध्यक्षतामा बुधवार बसेको जिल्ला अनुगमन समितिको बैठकले भेडाहा र सिंघाही खोलामा नदीजन्य पदार्थ उत्खनन कार्य अर्को आदेश नहुन्जेलसम्म रोक्का गर्ने निर्णय गरेको छ ।

बैठकले जिससबाट कार्यविधि बनाएर अर्को बैठकमा पेश गर्ने, कार्यविधि निर्माणका लागि डिभिजन वन कार्यालय तथा सम्बन्धित स्थानीय तहले आवश्यक सहयोग गर्ने, डिभिजन वन कार्यालयले वनको अवस्था सम्बन्धमा जिल्ला अनुगमन समितिमा प्रतिवेदन पेश गर्ने र सम्बन्धित स्थानीय तहले प्रारम्भिक वातावरणीय परीक्षण रिपोर्ट अनुसार ठेक्का व्यवस्था भएपश्चात् गरिने नदीजन्य पदार्थको उत्खननसम्बन्धी प्रतिवेदन अनुगमन समितिमा पेश गर्नुपर्ने निर्णय गरेको छ ।

बैठकमा अनुगमन समितिका सदस्यहरू, वीरगंजका प्रमुख विजयकुमार सरावगी, पर्सागढी नपाका प्रमुख लोकनारायण यादव, प्रमुख जिल्ला अधिकारी आसमान तामाङ, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, डिभिजन वन कार्यालयका निमित्त प्रमुख फरमान मियाँ, जिससका इन्जिनीयर विजयकुमार गुप्ता, जिससका निमित्त अधिकारी एवं सदस्य सचिव छविरमण भट्टराई, सुनील यादवलगायतको सहभागिता थियो ।


बैठकमा सहभागीहरू । तस्वीर: प्रतीक

वीरगंज महानगरको भेडाहा र पर्सागढी नपाको सिंघाही खोलामा नदीजन्य पदार्थ उत्खननको ठेक्का लिएका ठेकेदारले सम्झौताविपरीत गिट्टी, ढुङ्गा, बालुवा उत्खनन गरेको पाइएपछि अनुगमन समितिले माघ १९ गतेदेखि सो खोलामा उत्खनन कार्य रोक लगाएको थियो ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




# खेलकूदको संसार

## वसन्तपुर युनाइटेड चितवन सेमिफाइनलमा प्रवेश

प्रस, सेढवा, २१ माघ/

प्रथम पटेर्वासुगौली गोल्डकप प्रतियोगिता अन्तर्गत बुधवार वसन्तपुर युनाइटेड चितवन सेमिफाइनलमा प्रवेश गरेको छ।


तस्वीर: प्रतीक

चितवनले एफसी मुन्डियाल क्लब हेटौंडालाई ३ का विरुद्ध ४ गोलले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको हो । वसन्तपुर युनाइटेड चितवनका जर्सी नं ७ का रोशन खत्रीले तीन गोल र सुरज लामिछानेले एक गोल गरेका थिए ।

त्यस्तै, हेटौंडाका विश्व लामाले दुई र समीरराज ठोकरले एक गोल गरेका थिए। आजको खेलको म्यान अफ दि म्याच चितवनका रोशन खत्री घोषित भए ।

बिहीवारको खेल वीरगंज युनाइटेड र वाग्मती फूटबल क्लब सर्लाहीबीच हुने आयोजक समता समाज नेपाल निचुटाका अध्यक्ष मधुकान्त चौधरीले बताए ।

# निजगढमा रेलमार्गपीडित सरोकार समिति गठन

प्रस, निजगढ, २१ माघ/

निजगढमा रेलमार्गपीडित सरोकार


रेलमार्गपीडित सरोकार समिति गठन गर्न बुधवार भएको स्थानीयहरूको भेला । तस्वीर: जीतलाल श्रेष्ठ

समिति बुधवार गठन भएको छ । आज भएको भेलाले १७ सदस्यीय सरोकार समिति गठन गरेको छ । सो समितिको संयोजकमा जीतलाल श्रेष्ठ, सहसंयोजक विष्णुबहादुर खड्का, सचिव बालकृष्ण सापकोटा र सदस्यहरूमा मानबहादुर श्रेष्ठ, हरिप्रसाद खरेल, गोविन्दप्रसाद खरेल, कर्णबहादुर लामा, अमिता भण्डारी, समीर तामाङ, चण्डिका थापा, सुमित्रा पौड्याल, खडगध्वज श्रेष्ठ, कृष्ण सुवेदी, इन्दीप कोइराला, भूमिध्वज खड्का, प्रदीप उप्रेती र हेमलाल श्रेष्ठ रहेका छन् ।

मेची-महाकाली विद्युतीय रेलमार्ग विस्तारका लागि निजगढ नगरपालिकाको भमरा, नदीकाट, ठाडो लाइन, तेस्रो लाइन, प्रभातबस्ती, बोडिङ टोल, जमुनापैनी टोल, शान्तिटोल, राजमार्ग क्षेत्र बजारटोल, बुद्धचोक, गुम्बाटोल, कभर्ड हल आसपास क्षेत्र, असी बिघा, पुरानो निजगढ कछडियाबस्ती हुँदै रतनपुरी लाल, चिसापानी, घैयाखोरिया, बुङजोर, बारथली, रामथली, कुलिया, भक्तलाल, डमरपुरलगायतका मानवबस्ती, खेतीयोग्य जमीन भएर डिपिआरका लागि विस्तृत सर्भे गरिएको थियो ।

उक्त सर्भे कार्य गरिरहँदा रेल विभाग, सर्भेको जिम्मेवारी लिएको फुलब्राइट कन्सल्ट्यान्ट, सर्भेमा खटिएका कर्मचारीले स्थानीय तह निजगढ नगरपालिका, जनप्रतिनिधि, सम्बन्धित निकाय, जग्गाधनीलगायतलाई कुनै जानकारीसमेत नदिई सर्भे गर्दै नम्बरी जमीनमा पिलर गाडेको थाहा पाएपछि स्थानीयले अवरोधसँगै सो कार्य रोकेका थिए ।

सो सर्भे रोकेको दुई सातापछि निजगढ नगरपालिकाको समन्वयमा रेल विभागका सिनियर डिभिजन इन्जिनीयर देवेन्द्रप्रसाद साहसहितको प्राविधिक टोली, फुलब्राइट कन्सल्ट्यान्टका प्रमुख मञ्जुलकृष्ण मानन्धर र प्राविधिकहरूसँगको छलफलमा मानवबस्ती, खेतीयोग्य जमीनको विनाश नहुने गरी चौथो मार्ग विकल्पका रूपमा बकैया खोलापारिको पश्चिमी किनार हुँदै रेलमार्ग लैजान सकिने अधिकांश निजगढवासीले सुझाव दिएका थिए ।

त्यसयता रेलमार्गका बारेमा आधिकारिक कुरा बाहिर नआएपछि प्रभावित बस्तीका स्थानीयहरूको गौरीशङ्कर क्याम्पस परिसरमा भएको भेलाले सो सरोकार समिति गठन गरेको हो ।

### प्रदेशसभाको वार्षिकोत्सव....

रामसरोज यादवले आफूले पूर्णरूपमा सहयोग गरे पनि सरकारको काम नदेखिएको बताए। "विकासका पूर्वाधार जसरी खडा हुनुपर्थ्यो, त्यो हुन सकेको छैन," उनले भने, "शिक्षा, स्वास्थ्य क्षेत्र धेरै पछाडि छन् ।"

प्रचण्ड-माधव समूहको नेकपा संसदीय दलका नेता शत्रुधन महतोले सरकार सहमति जुटाउन चुकिरहेको बताए । "प्रदेशलाई साँच्चिकै आर्थिक समृद्धितर्फ अगाडि बढाउन, जनताको आयस्तर बढाउन, पर्यटन, कृषि, उद्योगतर्फ सरकारलाई जसरी जिम्मेवारीपूर्वक काम गर्नुपर्ने हो, त्यो गर्न सकेको छैन," उनले भने ।

यसैबीच प्रदेशसभाको वार्षिकोत्सव कार्यक्रममा सहभागी एक महिला सांसद कुर्सीमैं बेहोश भएकी थिइन् । वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा रक्तदान गरेकी महिला सांसद बेहोश भएकी हुन् ।

रक्तदान गरेर कार्यक्रममा सहभागी भएकी सांसद किरणराय यादव कुर्सीमा बसेकै अवस्थामा एक्कासि बेहोश भएकी हुन् ।

उनी सत्तारूढ जनता समाजवादी पार्टी (जसपा)की सांसद हुन् । कुर्सीमैं अचानक बेहोश भएकी उनलाई अन्य सांसद र सचिवालयका कर्मचारीले प्रदेशसभा सचिवालय भवनको कोठामा लगेर चिकित्सकले उपचार गरेपछि स्वास्थ्य अवस्था सामान्य छ ।

### ठोरीमा कृषि....

लाखको लागतमा ३६ कोठे भवनको निर्माण शुरू भएको छ ।

यसअघि गत आवमा सोही ठाउँमा गापाले सुविधासम्पन्न पक्की तरकारीबजार स्थापना गरेको थियो । ठोरीमा साताको एक दिन मङ्गलवार हाटबजार लाग्ने उक्त स्थानमा गापाले एकै स्थानमा कृषिजन्य व्यवसाय सञ्चालन र सङ्कलन गर्न कृषि केन्द्र स्थापना गर्न लागेको हो ।


नेकपा प्रचण्ड-माधव समूहले माघ २२ गते घोषणा गरेको आम हडताल सफल बनाउन बुधवार साँझ वीरगंज महानगरपालिका र सिम्रौनगढ नगरपालिकामा सो समूहका नेता कार्यकर्ताहरूले निकालेको मशाल जुलुस । तस्वीर: प्रतीक